# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- २५, २०७६ साल फागुन ६ गते मंगलबार (Feb 18, 2020) www.janaakash.com.np मुल्य रु १०।-



**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


# रामेछापमा भब्य महोत्सव उद्घाटन

- महोत्सव फागुन १५ गतेसम्म चल्ने ।
- १ लाखभन्दा बढीले अवलोकन गर्ने दावी ।
- स्थानीय उत्पादनलाई प्राथमिकता दिदै ।
- सबै क्षेत्रलाईए समेटिएको आयोजकको दावी ।

*- मोहन कार्की*

मंगलवारबाट रामेछाप महोत्सव भव्य रुपमा उद्घाटन हुदैछ । रामेछाप उद्योग बाणिज्य संघको आयोजना र सामाजिक सशक्तिकरण नेपालको सहआयोजना तथा मन्थली नगर पालिकाको मुख्य प्रयोजनमा हुन गइरहेको दोस्रो रामेछाप महोत्सव भव्य रुपमा बागमति प्रदेश आर्थिक मामिला तथा योजना मन्त्री कैलाश ढुङगेलले गदैछन् ।

नेपालले नेपाल भ्रमण बर्ष २०२० घोषणा गरेको अवसरमा रामेछापले पनि नेपाल भ्रमण बर्षको लागि आन्तरिक तथा वाह्य पर्यटकहरुको लागि गर्नु पर्ने काम र दिनुपर्ने सुविधाहरुको वारेमा रामेछापका होटल व्यवसायी, उधोगी, किसान, ब्यापारी लगायतलाई उधोग बाणिज्य संघको तर्फवाट प्रशिक्षण र स्थानीय सरकार साथै उधोग बाणिज्य महासंघसँग समन्वय गरी महोत्सवलाई अर्थपुर्ण बनाउन लागिपरेको देखिन्छ ।

यतिवेला रामेछाप महोत्सव आयोजना स्थल मन्थली नगरपालिका १ को जिविस भवन वरिपरि सफा सुघर पारेर चिटिक्क बनाइसकिएको छ भने मन्थली नगरपालिकाका वडा न. १, २, ३, सम्मका क्षेत्रहरुमा पर्यटक तथा व्यवसायीहरुको लागि व्यवस्थित बसोवासको राम्रो प्रवन्ध गरिएको कार्यक्रम संयोजक सोनु रोका क्षेत्रीले बताएका छन् ।

महोत्सवलाई सवै रामेछाप बासीहरुको र रामेछापलाई माया गर्ने रामेछाप प्रेमीहरुको लागि पनि उत्तिक्कै महत्वपुर्ण हुने गरी विकास गर्न झनै जरुरी छ । आशा छ रामेछाप उद्योग बाणिज्य संघ तथा अन्य संघ संस्थाहरुले रामेछापको विकाशको लागि आउदा दिनमा अझै धेरै कार्यक्रमहरु आयोजना गरी रामेछापका नागरिकहरुलाई रामेछापमा नै रोजगार सृर्जना गर्ने वातावरण बनाई नेपालको अर्थतन्त्रमा समेत महत्वपुर्ण भुमिका निर्वाह गर्न सक्ने बनाउन सक्षम रामेछापेली बन्न सक्छौ भन्ने ध्य राखेर काम गर्न जरुरी छ ।

यस्तै महोत्सवहरुको आयोजना र उत्पादनलाई प्रोत्साहन, किसानहरुले उत्पादन गरेका सामग्रीहरु बजारम पुर्‍याउन र उत्पादन र बजारको तालमेल नमिल्दा किसानहरुमा आउने निरासालाई यस्ता महोत्सवहरुले किसान र ब्यापारी बीचको सम्पर्क गराउन मद्दत गर्दछ र किसानहरुलाई उत्साह भर्छ ।

यो भन्दा अगाडी पनि रामेछाप महोत्सव गरिसकेको अनुभव रामेछापेलीहरुसँग रहेको छ । २०६७ सालमा रामेछाप सास्कृतिक समाजको आयोजनामा रामेछाप महोत्सव भएको थियो । भने २०७५ सालमा मन्थली नगरपालिकाको आयोजनामा रामेछाप कृषि पर्यटन तथा औधोगिक मेला भएको थियो । रामेछाप सास्कृतिक समाजले एकपटक माात्र महोत्सव गरेको थियो त्यसलाई पनि जोड्ने हो भने यो तेस्रो बाँकी २ पृष्ठमा

# ठूला उद्योग खोल्न कानूनी समस्या

**रामेछाप महोत्सवको तयारी कुन अवस्थामा छ ?**

हाम्रो सवैखालका तयारी पुरा भएको छ । आज दिउसो बागमती प्रदेशका माननीय आर्थिक तथा योजना मन्त्री कैलाश ढुङगेल ज्यूले उद्घाटन गर्ने कार्यक्रम रहेको छ भने उद्योग वाणिज्य महासंघवाट महत्वपुर्ण पदाधिकारीहरु रहनुहुनेछ । प्रदर्शनका लागि तयार गरिएका स्टलहरुमा व्यवसायी, पेशागत समुदायले सामानहरु तयार गरिसक्नु भएको छ । हाम्रो उद्योग बाणिज्य संघमा आबद्ध सवै साथीहरुले आफ्ना उत्पादनहरुलाई आकर्षणयुक्त तरिकाले स्टलहरु निर्माण गरेर मेलामा आउनुहुने ग्रहकहरुलाई सेवा दिन थालिसक्नु भएको छ ।



केशव घिमिरे
अध्यक्ष, उद्योग बाणिज्य संघ, रामेछाप

**नेपाल भ्रमण बर्ष २०२० देशले मनाइरहेको छ यो महोत्सवले भ्रमण बर्षलाई कस्तो सहयोग गर्न सक्छ ?**

नेपाल सरकारले बनाएको नीति अनुसार रामेछाप उधोग बाणिज्य संघले पनि त्यही अनुसार काम गर्छ ।

विशेष गरेर रामेछाप हिमाल, पाहाड, तराई तिनवटै भुभागमा फैलिएको जिल्ला भएको हुदा र मन्थलीमा पछिल्लो समय संञ्चालनमा आएको एयरपोर्ट पनि संचालनमा रहेको हुदा आन्तारिक तथा बाहिय पर्‍यर्टनको लागि उधोग बाणिज्य संघले आयोजना गरेको महोत्सवमा सवै होटल व्यवसायीहरु ह्मम्रा पनि सदस्य छन् उहाहरुसँग सहकार्य गरेर रामेछापवाट नेपाल बाँकी २ पृष्ठमा

# महराको भयो जित
## फसाउनेहरुले खाए चित



काठमाडौं । निवर्तमान सभामुख कृष्णबहादुर महराले एक महिलालाई बलात्कार उद्योगको मुद्दामा सफाइ पाएका छन् । जिल्ला अदालत, काठमाडौंका न्यायाधीश अमरराज पौडेलको इजलासले उनलाई सोमवार सफाइ दिएको हो ।

यसअघि काठमाडौं जिल्ला अदालतले महरालाई कसूरदार होइन भन्न नसकिने भन्दै पुर्पक्षका लागि थुनामा पठाएको थियो । तर सफाइ दिने फैसला सुनाएको छ । फैसला सुनाएसंगै उनी जेल मुक्त भएका छन् ।

प्रतिनिधिसभाका तत्कालीन सभामुख महरामाथि १२ असोजको साँझ संसद सचिवालयकी एक महिला कर्मचारीलाई बलात्कारको प्रयास गरेको अभियोग लागेको थियो ।

जुन घटना १३ असोजमा बाहिर आएको थियो । त्यसबेला महरा र उनको सचिवालयले आरोप अस्वीकार गरेको थियो । त्यसवेला महराले कर्मचारी समायोजनमा परेपछि आफूमाथि रिस पोखिएको दाबी गरेका थिए । तर महरा र पीडित महिलाको कल डिटेल रेकर्ड (सीडीआर), सीसी टीभी फुटेज लगायतको विश्लेषणबाट प्रहरीले महरा त्यो दिन सुविधानगरस्थित महिलाको घरमा पुगेको निष्कर्ष निकाल्यो ।

१४ गते बसेको सत्तारुढ डबल नेकपा सचिवालय बैठकले उनलाई सभामुख र सांसद दुवै पदबाट राजीनामा दिन सुझाएको थियो । लगतै महराले सभामुख पदबाट राजीनामा दिएका थिए । तथापी सांसद पदबाट भने राजीनामा दिएनन् । उनको राजीनामा आएको केहीबेरमा पीडित महिलाको नयाँ भिडियो सार्वजनिक भयो, जसमा उनले बोली फेर्दै महरा आफ्नो कोठामा आउँदै नआएको दाबी गरिन् । पीडित भनिएकी महिलाले अदालतमा पनि बलात्कार प्रयास नभएको बयान दिएकी थिइन् । तर उपलब्ध प्रमाणका आधारमा महरालाई कसूरदार होइनन् भनी मान्न नसकिन बाँकी २ पृष्ठमा

# दियालोको दोस्रो कार्यक्रम शुरु

*- सुरेश कुमार अधिकारी*
चितवन



नेपालमा सन् २०११ देखि USAID को सहयोगमा "हरियो वन कार्यक्रम" सञ्चालन हुँदै आएको छ । तराई भु-परिधि र चितवन अन्नपूर्ण भू-परिधिमा सञ्चालन भइरहेको यस कार्यक्रमलाई विश्व वन्यजन्तु कोष (WWF) नेपाल, CARE Nepal, राष्ट्रिय प्रकृति संरक्षण कोष नेपाल (NTNC) र सामुदायिक वन उपभोक्ता महासंघ नेपाल (FECOFUN) ले आपसी सहकार्यमा अगाडि बढाइरहेको छन् । यस कार्यक्रमका मुख्य विषयगत इकाईहरु जैविक विविधता संरक्षण, दिगो भू-परिधि व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन रहेका छन् । उक्त प्रमुख तिनवटै विषयहरु लाई सघाउने अन्तर सम्वन्धित विषयवस्तुका रुपमा जीविकोपार्जन, लैङ्गिक एवम् सामाजिक समावेशीकरण र सुशासन रहेका छन् । यस दियालो परिवारले केएर नेपालसँगको साझेदारीमा हरियो वन, दोस्रो बाँकी २ पृष्ठमा




'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# इन्डो प्यासेफिक योजना हो भने एमसिसि पास नगरौं

नेपालमा यतिवेला नेपाली नागरिकहरु संत्रासमा छन् । अमेरिकाको ५५ अर्ब रुपैया नेपालाई भौतिक पुर्वधारको लागि सहयोग सोरुप दिन लागेको अमेरिकी संस्था मिलेनियम च्यालेन्ज कर्पोरिशनले बताउदै आएको छ । भने त्यसको बिषयमा नेपालका लागि अमेरिकी राजदुतावासले समेत एमसिसिको बारेमा बेला बेलामा धारणा राख्दै आएकाछन् ।

नेपालका राजनीतिक पार्टीका नेता कार्यकर्ता बुद्धिजीवि लगायतले भने एमसिसिको बिरोध गदै आएका छन् । नेपालले बिगतमा अमेरिका वा अन्य मुलुकहरुवाट सहयोग नलिएको भने होइन यतिवेला मात्र किन बिरोध भयो भन्ने बिषयमा अमेरिकाको सैन्य रणनीति अर्न्तगत नेपालको स्वततन्ता माथि नै अमेरिकाको बन्धन रहने जस्ता प्रावधान एमसिसिको बुदामा रहेको बुद्धिजीविहरुले बताउन थालेपछि उक्त सहयोगको बिरोध भएको हो ।

नेपालका बुद्धिजीविहरुले भनेको जस्तै एमसिसिले सत्रसहितमा दिन लागेको सहयोगको बुदा त्यस्तै रहेको हो भने एमसिसि सम्झौता पास नगरौ ।

नेपाल अमेरिका सधै एक अर्काका राष्ट्रको सम्बन्ध राम्रो नै छ । तर पछिल्लो समय अमेरिकाले आफ्नो सैन्य रणनीति अर्न्तगत नेपाललाई अमेरिकन सैन्य क्याम्पमा उभ्याउन खोजेको हुदा सधै नेपालले अन्तराष्ट्रियस्तरमा नेपालको असंलग्न परराष्ट्र नीति अख्तियार गदै आएको र त्यो कायम राख्न नेपाल चाहान्छ । नेपालको परराष्ट्र नीति बिरुद्धमा गएर नेपालले सहयोगको नाममा स्वतन्त्र सर्वभौम राष्ट्रको अधिकार गुमाउन चाहादैन । त्यसैले एमसिसि मार्फत अमेरिकाले दिन चाहेको रकम नेपालले बिनासर्त हो भने लिदा केही फरक पदैन । तर नेपालले अमेरिकाको उसका नीति नियम मानेर नेपालको कानुन बाझिएमा स्वत नेपालको कानुन खारेज गर्ने सम्मको बुदा रहेको बुद्धिजीविहरुको भनाइ रहेको हुदा एमसिसि मार्फत आएको रकम इन्डोप्यासेफिक अर्न्तगतको सैन्य रणनीति अर्न्तगत नै आएको हो भने त्यो रकम नेपालले स्वीकार्नु हुदैन ।

तर नेपालका प्रधानमन्त्रीले एमसिसि सदनमा पेश हुनासाथ पास हुन्छ भन्दै जनमत भन्दा बाहिर गएर अभिब्याक्ति दिइराख्नु भएको छ । यो जननिर्वाचित प्रधानमन्त्रीले दिन मिल्ने खालको अभिब्याक्ति होइन । हुनत यतिवेला दुइतिहाइको बहुमत छ । संसदीय ब्यवस्थामा बहुमतको कदर हुन्छ । बहुमतको कदर गर्दा नै सिकिमीहरुले आफ्नो राष्ट्र भारतमा बिलय गराएका थिए । देशको नेतृत्वले दीर्घकालीन सोच राखेन भने भविष्यका नागरिकलाई सधैको लागि अर्काको दास बनाउन सक्छन् ।

त्यसैले राष्ट्रको हितमा एमसिसि छ छैना भनेर डबल नेकपाले समेत पुर्व प्रधानमन्त्री तथा वरिष्ठ नेता झलनाथ खनालको नेतृत्वमा एमसिसि अध्ययन कमिटी बनाएको सन्दर्भमा त्यो आयोगलाई नै प्रभावित पार्ने गरी सदनमा पेश हुनसाथ एमसिसि पास गर्छु भन्ने प्रधानमन्त्रीको अभिब्याक्ति आउनु त्यति सकरात्मक देखिदैन अर्को पक्ष मानिस स्वास्थ्य नभएको बेलामा मनस्थितिले पनि राम्रो काम गर्दैन भन्छन् । स्वास्थ्यकर्मीहरुको भनाईलाई आधार मान्दा हाम्रा प्रधानमन्त्रीले नियमित औषधी सेवन गरिरहनु पर्दा त्यसको असर राष्ट्रले समेत ब्यहोर्नु पर्ने अवस्था आउन लागेको जस्तो भान जनतामा पर्दै गएको छ । यसले डबल नेकपाको नेतृत्वको सरकारलाई हेर्ने दृष्टिकोण बदलिदै भोलि जनताको मनमा पर्दै जाने आर्कोशले सरकारलाई अप्ठ्यारो समेत बनाउन सक्छ यतापनि ध्यान दिएर काम गर्नु उचित होला कि ।

# फागुन ७ लाई सम्झिंदा

**मोहन पोखरेल**



प्रस्तुत लेख प्रजातन्त्रका विषयमा केन्द्रित छ । फागुन ७ को संघारैमा प्रजातन्त्र भन्ने शब्दको याद आउनु स्वाभाविकै पनि हो ।१०४ वर्षसम्मको जहाँनिया राणा शासन समाप्त गरी देशमा प्रजातन्त्र स्थापना भएको दिन फागुन ७ लाई नेपाली जनताले सदा स्मरण गरिरहनुलाई पनि स्वभाविक नै मान्नु पर्दछ । तर राणा शासन पञ्चायती व्यवस्था हुँदै संसदिय व्यवस्था र यस व्यवस्थासंग सम्वन्धित प्रजातन्त्रका अवशेषहरुलाई पनि समाप्त गर्दै संघिय लोकतान्त्रिक गणतन्त्र नामक प्रजातन्त्रका युगमा मुलुक प्रवेश गरेको छ ।

यस व्यवस्थालाई हामीले प्रजातन्त्रको अति विकसित रुप भन्दै लोकतान्त्रिक गणतन्त्रको नामाकरण गरेका छौं । फागुन ७ लाई प्रजातन्त्र प्राप्तिको शुमदिन भनिरहदा संघीय गणतन्त्रको युगलाई के भन्ने ? प्रजातन्त्रको विकसित रुप भन्ने कि प्रजातन्त्र नै लोप भएको मन्ने ? यस मामलामा धेरै राजनीतिक विद्वान विश्लेषकहरुले मुलुक अलोकतान्त्रिक तरिकाबाट अघि बढिरहेकोले प्रजातन्त्रका अवशेष समेत समाप्तिको दिशातर्फ लम्किएको निष्कर्ष निकालेका छन् । काठमाण्डौंबाट प्रकाशित हुने केही राष्ट्रिय दैनिक पत्रिकाका स्तम्भमा लेखकहरुले लोकतन्त्र र गणतन्त्रको भविष्य उज्जवल नरहेको तर्क दिइरहदा कतै गणतन्त्रका वचेखुचेका अवशेष पनि नरहने हुनकि भन्ने चिन्ता बढ्नु प्रजातन्त्र प्रेमी नेपालीहरुका लागि मात्र नभइ मलुकको राष्ट्रियता माथि नै खतरा बढेको महसुस गर्न सकिन्छ ।

हामीले ०७ साल फागुन ७ गते यताका धेरै किसिमका प्रजातन्त्र देखेका र भोगेका छौं । नेपाली काँग्रेसले ०१७ सालमा दुईतिहाइको सरकार बनाउँदाको अवस्थालाई पनि उत्कृष्ठ प्रजातन्त्र भनिन्थ्यो । ०१७ सालमा राजा महेन्द्रले वि.पि. कोइरालाको सरकारलाई अपदस्त गर्दै त्यो वेलाको संसदिय प्रजातन्त्रलाई मार्दा र पञ्चायती व्यवस्था लागु गर्दाको अवस्थालाई पनि प्रजातन्त्रको उत्कृष्ठ नमुनाको रुपमा व्यख्या गरियो । राजा महेन्द्रले देशको हावापानी माटो सुहाउँदो भन्दै पञ्चायती व्यवस्थाको सुत्रपात गर्दा चारैतिर जय-जयकार गरियो । पञ्चायती प्रजातन्त्रको रुपमा चित्रण गरियो । यस्तो व्यवस्था ३० वर्ष सम्म विभिन्न आरोह अवरोह पार गर्दै चलिरह्यो । यो व्यवस्थाले पनि प्रजातन्त्र र राष्ट्रको उन्नतिका लागि केही गर्न नसकेको भन्दै त्यो वेलाका प्रतिवन्धित राजनीतिक दलहरुको अगुवाइमा उत्कृष्ठ प्रजातन्त्र प्राप्त गर्ने उद्देश्यका साथ ०४६ सालमा पञ्चायतका विरुद्ध राष्ट्रिय जनआन्दोलको घोषणा गरियो । आन्दोलनले सार्थक रुप लिदै गए पछि पञ्चायती व्यवस्था विघटन गरिएको घोषणा भयो । तत्कालिन राजा वीरेन्द्रले जनताको आवाज र चाहनालाई शिरोपर गर्दै बहुदलिय प्रजातन्त्रको घोषणा गरिएको उद्घोष गरे ।

यसरी प्रजातन्त्रका अनेक कोणहरु देशमा देखा पर्दै गए । संवैधानिक राजतन्त्र सहितको बहुदलिय प्रजातन्त्र पनि ०६२।०६३ को जनआन्दोलनले अस्थायी बनायो । साथै २४० वर्षको इतिहास बोकेको भनिएको राजतन्त्र समेत समाप्त भयो ।

यसरी गणतन्त्रकालिन युगमा प्रवेश गरिरहँदा के महसुस हुन गइरहेको छ भने यस अघिका प्रजातन्त्रका तुलनामा संघिय गणतन्त्र अथवा उत्कृष्ठ लोकतन्त्र ले मुलुकमा खासै ठूलो परिवर्तन गराएको महसुस भएको छैन । जनता दिन प्रतिदिन गरिवीको मारमा परेका छन् । हजारौ राष्ट्रघाती डनहरु मुलुक भित्र जन्मिएका छन् । राजनीतिक दलका जिम्मेवार नेताहरु तीनैको आदेश र सल्लाहमा मुलुक हाँक्न विवस भएका छन् । कहिं कतै शान्ति सुरक्षा छैन ।

चारै तिर न्याय मरिरहेको छ । गल्ती गर्ने कार्यकर्तालाई आफ्नो पार्टीको मान्छे भन्दै बचाउने गर्दा पिडितले न्याय पाएको छैन । यसरी दुरदिनहरु भोग्दै गर्दा ०७ साल फागुन ७ को दिनलाई संझिने गरिन्छ र साँचो अर्थमा फागुन ७ मा प्राप्त प्रजातन्त्र नै उत्कृष्ठ प्रजातन्त्र रहेको मान्न सकिन्छ ।

## ठूला.....

भ्रमण वर्षमा रामेछापमा हाम्रा पाउनाहरुलाई हार्दिक स्वागत र रामेछापकमा रमणीय स्थलहरुमा डुलाउन र रामेछापको स्थानीय उत्पादनवाट बनेका परिकार खुवाएर पर्यटकहरुलाई खुसी बनाई आउदा दिनमा समेत एक पटक आएको पञ्यटक फेरी रामेछाप घुम्नै आउन मनै देखि लागोस भनेर कार्यक्रम बनाइराखेका छौ ।

**रामेछापमा ठुला उधोग खुलेका छैनान् । रामेछापमा मात्र होइन । देशैभरीको समस्या त्यस्तै छ । उधोग बाणिज्य संघले यस्तै महोत्सव गर्ने भीड जम्मा गर्ने भन्ने आरोप छ तपाई के भन्नुहुन्छ ?**

यो हामी उधोगीको कारणले भएको होइन । सरकारको नीति नै एउटै देशमा भारत र नेपालको जस्तो कानुन छ । रामेछापमा उद्योग खोल्नलाई सरकारले लगाएको कानुनी व्यवस्था हटाउनु पर्छ । जवकी रामेछाप जिल्लामा ट्रकहरु प्रवेश गर्दा ३ टन ४ टन भन्दा बढी भार बोकेर प्रवेश गर्न पाउदैनान् र त्यही अनुसारको यतावाट पनि त्यति नै मात्रमा सामान बोक्न पाउने व्यवस्थाले ठुला स्केलका उधोग कसरी खोल्न सकिन्छ । डोकोमा सामान ओसारेर ठुला उधोग खोल्न सकिदैन त्यसैले सरकारको कारणले ठुला उधोगहरु उद्योगीले चाहेपनि सकेका छैनौ । त्यसकारण सरकारले यि हाम्रा समस्या सावधान गरिदिने हो भने रामेछापका खुल्ला ठाउहरु धेरै छन् ति क्षेत्रहरुमा ठुला स्केलका उधोगहरु खोलेर धेरैलाई रोजगार दिनुको साथै उत्पादन बढाएर राष्ट्रलाई हामी योगदान गर्न सक्छौ ।

**अन्तमा के भन्न चाहानु हुन्छ ?**

हाम्रो आजवाट हुन गईरहेको रामेछाप महोत्सवमा रामेछाप जिल्लाका तथा छिमेकी जिल्लाका सम्पुर्ण मानुभावहरुमा हार्दिक निमन्त्रण गर्दछौ । हाम्रो उधोग वाणिज्य संघले आयोजना गरेको यस महोत्सवमा आई अवलोकन गरिदिनुहुन र हामीले गरेका राम्रालाई प्रोत्साहन र नजानेका केही रहेछन् भने पनि सुझाव दिएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ताकी हामीले आउदा दिनमा अझै राम्रो काम गर्न सकौं ।

## रामेछाप.....

महोत्सव हो । तर आयोजकले दोस्रो भनेर प्रचार गरिरहेको देखिन्छ । जे जे भएपनि रामेछापले रामेछापको

विकाशको लागि र रामेछापको उत्पादनलाई संस्कृतिलाई, रामेछापका प्राकृतिक सौन्दर्यलाई प्रचार प्रसारको लागि प्रदर्शनमा ल्याइ राम्रा वस्तुहरुको उत्पादन रामेछापमा छन् । हुन्छन् । याहा प्राकृतिक सुन्दरता, सांस्कृतिक विविधता, भौगोलिक विविधता, प्राकृतिक जलस्रोतको अथाहा भण्डार रहेको छ । कृषि, पर्यटन, जलविद्युतको सम्भावना नै सम्भावना भएको रामेछापलाई चिनाउन र विकास गर्न रामेछापका जो जसले जहाँ जहिले जुनसुकै कार्यक्रम गरेको नै किन नहोस त्यो रामेछापेलीहरुको लागि महत्वपुर्ण रहने छ । रहन्छ । त्यस्तै यस महोत्सवको आयोजना ज-जसले जहिले गरेको भएपनि महत्वपुर्ण थियो । छ । अहिले उद्योग बाणिज्य संघ, रामेछापले आयोजना गरिरहेको छ । आउदा दिनमा हुनुपर्छ ।

रामेछाप महोत्सव फागुन १५ गतेसम्म चल्ने छ । यस मेलामा रामेछापमा उत्पादन भएका स्थानीयका बस्तुहरु स्टलमा राखेर बिक्री बितरण गरिने र त्यहीवाट धरेलु उधोग देखि ठुला उधोगहरुले समेत ग्रहकसँग सोझै सम्पर्कमा पुग्ने माध्यम हुने छ । जसले गर्दा उत्पादनको क्षमतामा बृद्धि र ग्रहकले पनि सुलभ मुल्यमा बस्तुहरु भनेकै समयमा प्र्प्त गर्न सक्ने वातावरण बन्ने देखिन्छ । यस्ता राम्रा फाइदाका कुराहरु मेलाहरुवाट लिन सकिन्छ ।

बिशेष गरेर राष्ट्रले नै नेपाल भ्रमण बर्ष मनाइरहेको बर्षमा रामेछापका व्यवसायीहरुको लागि यो मेलाले आफ्नो व्यवसाय प्रचार गरि पञ्यटनवाट मनग्यै लाभ लिन सक्ने सम्भावना बढी नै देख्न सकिन्छ । रामेछाप जिल्ला प्रवेश गर्ने रुटमा अहिले पनि ३ टन ४ टन भन्दा माथि भारवहन बोक्न नदिने कानुनी ब्यवस्था रहेको रामेछाप उधोग बाणिज्य संघले जानकारी गराउदै आएको छ । उक्त कानुनी ब्यवस्थालाई समय सुहाउदो बनायर ठुला उधोग खोल्नको लागि सरकारले बातावरण बनाइदिनु पर्ने उनिहरुको माग रहदै आएको छ ।

आजको कार्यक्रमा बागमति प्रदेशका आर्थिक मामिला मन्त्रि कैलाश ढुङगेल पनि रामेछापका जनप्रतिनिधि भएको हुदा यो बिषयले प्रवेश पायो भने पक्कै पनि रामेछापका व्यवसायीहरुले भोल्नुपरेका अप्ठ्याराहरुको सावधान मन्त्री ढुङगेलले गर्न चाहेको खण्डमा सजिलो वाटो निस्कन सक्ने देखिन्छ । तर त्यो काम मन्त्री ढुङगेलले गर्छन कि गर्दैनान् त्यो उनको बिषय हो ।

## दियालो...

चरणको कार्यक्रम मिति :बथ द्ङ्ञठ वाट २०२० जुन सम्म सञ्चालन भई रहेको छ । यस कार्यक्रम चितवन जिल्लाको भरतपुर महानगरपालिका, कालिका नगरपालिका, रत्ननगर नगरपालिका र इच्छा कामना गाउँपालिकामा संचालनमा रहेको छ । चितवन जिल्लामा बरण्डाभार क्षेत्र अन्तर्गतको खगेरी खोला उप(जलाधार क्षेत्र जलाधार क्षेत्रलाई आधार मानि यस कार्यकम सञ्चालित छ । नेपाल सरकारले पहिचान गरेको चितवन अन्नपुर्ण भु(परिधि र तराई भू(परिधिलाई नै आधारमानी यस हरियो वन कार्यक्रम सञ्चालन गरिएकोमा दियालो परिवारले चितवन, अन्नपुर्ण भू(परिधि भित्रका क्षेत्रहरुलाई कार्यकममा समावेश गरेको छ।

उपरोक्त कार्यक्षेत्र मध्ये यस संस्थाका हामी ५ जना प्रतिनिधिहरु तथा खगेरी खोला उप(जलाधार संमरक्षण समितिका ३ जना चितवन जिल्लाको इच्छाकामना गाउ पालिका ७ र कालिका नगरपालिका २, ८ मा सञ्चालित कार्यक्रमहरुको अवस्था अध्ययनका लागि "स्थलगत अनुगमन भ्रमण" सम्पन्न गरिएको छ । यस स्थलगत अनुगमन भ्रमण" कार्यका लागि भ्रमण तालिका निर्माण , संचालित कार्यकम बारे जानकारी ,समन्वय सम्बन्घित सामुदागिक वन उपभोक्ता समिति तथा ब्यबस्थापन कार्यकमबारे जानकारी कार्यकम अघिकृत उदित अर्याल तथा दियालो परिवार का कार्यकारी निर्देशक तथा फोकल पर्शन राज गोविन्द शिल्पकारले गर्नु भएको थियो । स्थलगत अनुगमन भ्रमण कार्यमा सहजिकरण यस कार्यकम मा कार्यरत सामाजिक परिचालक भिम बहादुर चेपाङले गरेका थिए ।

अनुगमन टोलीमा संस्थाका का.वा.अध्यक्ष रसिक प्रधान, सचिव ईस्वर राज पण्डित, कार्यसमिति सदस्य केदार नाथ खनाल, जीवन कुमार श्रेष्ठ, पूर्व अध्यक्ष सुरेश कुमार अधिकारी खगेरी खोला उप(जलाधार संमरक्षण समितिका समिति का सदस्य विर बहादुर श्रेष्ठ, कृष्ण प्रसाद बगाले, विष्णु प्रसाद सिंम्खडाले सञ्चालित कार्यक्रमहरुको वर्तमान यथार्थ स्थितिको अध्ययन/अवलोकन गरेका थिए । सो अवसरमा स्थानिय तहका जनप्रतिनिधिहरु, प्रमुख सरोकारवालाहरु र लक्षित समुदायहरुसँग सम्वन्ध विस्तार गर्नका लागि समन्वय भुमिका निर्वाह गरेको थियो ।

आगामी योजना निर्माणका लागि भए गरेका कामको समिक्षा गरि दिगोपनाका लागि के गर्दा उचित हुन्छ सो बारे छलफल गरेको थियो । रिर्चाज पोखरी, मुहान संरक्षण कार्य र नयाँ पोखरी निर्माण कार्य करीब सक्कीएको देखीन्छ । यसले संरक्षणका उपायहरु एवं पिउने पानीको व्यवस्था समेत भएकोले भुमिगत पानीको सही प्रयोग हुनेमा अवलोकनबाट देखिएको भ्रमण टोली बताउदछन । माथि उल्लेखित कार्यक्रमको लागत रु २३५९१११ (तेईस लाख उन्नानसाठी हजार एक सय एघार रुपैया मात्र ।) मध्ये सामुदायिक वन उपभोक्ता समितिको लगानी रु ४०३०९६।२४ (चार लाख तिन हजार छयानब्बे र चौबीस पैसा मात्र) कार्यक्रम सहयोग संस्था दियालो परिवार मार्फत हरियो वन कार्यक्रमबाट १९५६०१५ ( उन्नाईस लाख छपन्न हजार पन्ध्र रुपैया मात्र) रहेको कार्यकारी निर्देशक राज गोबिन्द शिल्पकारले बताए । स्थलगत अनुगमन भ्रमण २०७६ माघ २७ गते सम्पन्न गरिएको थियो । स्थलगत अनुगमन भ्रमणको कममा स्थानीय सरोकारवालाहरु संग भेटघाट तथा छलफल गरि कार्यकम बारे जानकारी लिने कायृ गरियो । भेटघाट तथा छलफल मा एक आपसमा परिचय, दियालो परिवारको कार्यकम र कार्य प्रणालीका वारेमा संक्षिप्त जानकारी र हरियो वन, कार्यकम अन्तरगत निर्माण तथा संरषण नदि तथा पानी मुहान श्रोत संरक्षण बारेमा सामान्य जानकारी गरियो ।

इच्छाकामना गाँउपालिका वडा नं. ७ र कालिका नगर पालिका २ , ८ वडा संचालन भै रहेको र यस निर्माणकार्यहरुबाट सुख्खापनन संग लड्न सकने क्षमतामा वृद्धि हुने , जलवायु परिवर्तन अनूलनमा सहयोग पुग्ने , भुमिगत पानी रिचार्जमा सहयोग , पशू पन्छी ,चौपाय तथा वन्यजिव जन्तुको लागि पिउने पानकिो ?ित संचित तथा वःद्धि हुने , संरक्षीत पानी तथा मुहान संरक्षणले स्वच्छ पानीको पहुचमा परिवर्तन ल्याइ् वृद्धि गराउछ , तथा मनोरंजनका कृयाकलापको विस्तार , प्रर्वद्धन तथा वातावरण्यि अनुकुलन भै हरियाली पना एवम् तल्लो तटिय क्षेत्रहरुमा पानी को मात्रामा वृद्धि हुन गै कृषि उत्पादनमा वुद्धि हुनाले मानव जिवनमा आर्थिक समवृद्धि ,उन्नति हुने छ ।

## महरा....

` भन्दै पुर्पक्षका लागि थुनामा पठाउने आदेश भएको थियो । डिल्लीबजार कारागारमा रहेकै अवस्थामा महरा उच्च अदालतमा पुगे, उच्चले जिल्लाको आदेश सदर गर्‍यो तर, मुद्दाको अन्तिम फैसला छिटो गर्न आदेश दियो । त्यसअनुसार सुरू भएको बहस आइतबार नै सकिएको थियो ।

# हाम्रो व्राण्ड अष्ट्रेलिया र मकाउ पुगेको छ



## सानुमाया गुरुङ्ग, इन्चार्ज

### श्री सिष्टर अचार तथा तितौरा उद्योग

सानुमाया गुरुङ्ग महिला समाजसेवी हुनुहुन्छ । शहिद लखन गाउँपालिका वडा नं. ३ गोरखामा जन्मनु भएकी गुरुङ्ग सानै उमेर देखि हरेक काममा लगनशिल भएकै कारण सामाजिक क्षेत्रमा प्रतिष्ठित हुनुहुन्छ । उहाँको अथक प्रयास र अनुशासनशिल भएर नै “श्री सिष्टर अचार तथा तितौरा उद्योग” ले स्वदेशमा मात्र नभइ अन्तराष्ट्रमा समेत बजार पाएको छ । चितवनको मुग्लिङ्ग बजारबाट उत्पादित व्राण्ड मकाउ र अष्ट्रेलियामा रुचिकर मानिन्छ । यसै सेरोफेरोमा *जन आकाश साप्ताहिक*का तर्फबाट पत्रकार मोहन पोखरेलले सानुमाया गुरुङ्गसँग लिएको अर्न्तवार्ता यहाँ प्रस्तुत गरिएको छ ।

**० तपाईका उद्योगमा अचारका आइटम के के छन् ?**

- हाम्रो उद्योगले अचार र तितौराका व्राण्डेड तयार गरेको छ । अचारका आइटम धेरै चिजबाट तयार भएका छन् । जसमध्ये कोइरालाको फुल, अकवरे खुर्सानी, करेला आदी धेरै प्रकारका चिजबाट धेरै आइटम बनेका छन् ।

**० उद्योग सञ्चालन गर्नु भएको कति वर्ष भयो ?**

- हाम्रो उद्योग ०६३/०६४ मा दर्ता भएको हो । म उद्योगको इन्जार्ज पनि हुँ । ग्राहकहरुले यहाँबाट उत्पादित अचार एकदम मन पराउनु भएको छ ।

**० नाफा कत्तिको गर्नु भएको छ ?**

- मासिक आमदानी त्यस्तै ७,८ लाख जती हुन्छ । सबै खर्च कटाएर मासिक एक, डेढ लाख बचत हुन्छ ।

**० कर्मचारी कति छन्, सेवा सुविधा के छ ?**

- १७ जना कर्मचारी छन् । काम गर्ने सबै कामदार को मासिक तलव खर्च डेढ लाख जति छ । संचयकोषको व्यवस्था गरिएको छ । महिलाका लागि सुत्केरी विदा र अन्य विदाको पनि व्यवस्था गरिएको छ । वर्षको २१ दिन विरामी विदा दिने व्यवस्थाका साथै एकल महिलालाई कामदार राख्ने व्यवस्था हाम्रो उद्योगले गरेको छ । एकल महिला पनि हाम्रो उद्योगमा काम गर्छन् ।

**० तितौरा कसरी बनाउनु हुन्छ ?**

- हामीले गाउँ घरमा बनाउने जस्तो किसिमले उत्पादन गर्छौं । चिनी, नुन, धुलो खुर्सानी, ल्वाङ्ग, सुकमेल, मिलाएर अर्गानिक तरिकाले बनाउँछौ ।

**० नेपालका मुख्य बजारमा पनि पुर्‍याउनु भएको छ ?**

विदेशमा त गएको छ भने स्वदेशमा नजाने त कुरै भएन । पुरै ७७ जिल्लामा हाम्रो वाण्डिङ्ग पुग्छ । तै पनि काठमाण्डौ चितवन, भैरहवा, नेपालगञ्ज, धनगढी, महेन्द्रनगर, पोखरा र जोमसो त हाम्रा पकेट क्षेत्र हुन् ।

**० अष्ट्रेलिया र मकाउमा मासिक कति रुपैयाँको माल निर्यात हुन्छ ?**

- त्यस्तै मासिक ५।६ लाख जतीको । गत महिना अष्ट्रेलियामा साढे ६ लाख र मकाउमा एक डेढ लाखको माल पठाएका थियौं ।

**० उत्पादित मालका लागि पुरै अन्तर्राष्ट्रियकरण गरे हुदैन र ?**

- हजुरले ठिक कुरा गर्नु भयो । हाम्रो इच्छा पनि थियो । धेरै देशबाट माग भएको पनि छ । तर हाम्रो उत्पादन र हाम्रो म्यानपावरले नभेट्दा हामीले स्वीकार गरेनौं । हामीले मानेनौं ।

# नेपालका चार विद्यार्थी दक्षिण अष्ट्रेलियाको एडिलेडका एम्बेसेडर

काठमाडौं । स्टडी एडिलेड, एडिलेडलाई अन्तर्राष्ट्रिय अध्ययन गन्तव्यको रुपमा प्रबर्धन गर्न दक्षिण अष्ट्रेलिया सरकारको एजेन्सीले एम्बेसेडर प्रोग्राम २०२० को विजेता घोषणा गरेको छ । मेरियट होटल, काठमाडौंमा आयोजित एक प्रिजेन्टेशन समारोहमा नेपालका ४ जना विद्यार्थीलाई एम्बेसेडर घोषणा गरिएको थियो । उक्त कार्यक्रममा अष्ट्रेलियन सरकार, दक्षिण अष्ट्रेलिया सरकार तथा शैक्षिक संस्थाहरुका अधिकारीहरु उपस्थित थिए ।

विद्यार्थी एम्बेसेडरलाई स्टडी एडिलेडले ५००० अष्ट्रेलियन डलरको उत्साजनक सर्पोट प्याकेज प्रदान गर्नेछ जसमा १५०० अष्ट्रेलियन डलर सम्मको फिर्ती टिकट, १००० अष्ट्रेलियन डलरको उपहार भउचर, व्यवसायी विकास सत्र, एडिलेडको मुख्य फेस्टिभल र इभेन्टमा निशुल्क प्रवेश समावेश गरिएको छ जहाँ विद्यार्थीहरु शहरको पूर्ण शैक्षिक र जीवनशैली अनुभव गने सक्षम हुनेछन् । विद्यार्थीहरुलाई आफ्नो साथीहरु, परिवार र समुदायसँग एडिलेड अन्तर्राष्ट्रय विद्यार्थीहरुका लागि अष्ट्रेलियाकै सर्वश्रेष्ठ शहरहरु मध्य एक भएको र यसको फाइदाहरुका बारेमा पोष्ट, भिडियो र ब्लगमार्फत शेयर गर्न प्रत्सोहान गरिन्छ ।

वर्षैदेखि नेपालबाट थुप्रै विद्यार्थीहरु उच्च शिक्षाका लागि एडिलेड जाने क्रम बढ्ढो छ, जहाँ सन् २०१९ मा २००० भन्दा बढि विद्यार्थीले अध्ययनका लागि एडिलेड चयन गरेका छन् । एडिलेडका विश्वविद्यालयमा इन्जिनियरिङ, कम्प्युटर साइन्स र आईटी नेपाली विद्यार्थीहरुको लोकप्रिय पाठ्यक्रमहरु रहेका छन् ।

यो प्रतियोगिताले नेपालभरि नै उत्साहजनक प्रतिक्रिया पाएको थियो र पहिलो पटक स्टडी एडिलेड स्टुडेन्ट एम्बेसेडरको ट्याग जित्नका लागि ठुलो संख्यामा उम्मेदवारले आवेदन दिएका थिए । सन् २०२० का लागि छनौट गरिएका ४ विद्यार्थीहरु काठमाडौंका पार्वती बुढाथोकी, प्रनिश महर्जन, ललितपुरका सन्देश बस्नेत र मोरङका खगेन्द्र कार्की रहेका छन् ।

यस अवसरमा स्टडी एडिलेडका सिईओ क्यारन केन्टले भन्नुभयो, हामी नेपालमा पहिलो पटक आयोजना गरिएको २०२० एम्बेसेडर प्रोग्रामको प्रतिक्रयाबाट निकै उत्साहित छौं । हामीले दक्षिण एशियाबाट १५०० भन्दा बढि उच्च गुणस्तरीय आवेदन प्राप्त गरेका थियौं र नेपालको संख्या उल्लेखनिय रहेको थियो । यसले हामीलाई निर्णय लिन निकै कठिन बनाएको थियो ।

हामी २०२० का लागि नेपालका ४ स्टुडेन्ट एम्बेसेडरलाई स्वागत गर्न र उनीहरुलाई हाम्रो भाइब्रेन्ट शहरी जीवन, सुरक्षित, सहयोगी समुदाय र वर्ल्ड-क्लास शैक्षिक संस्थासँग परिचित गराउन उत्साहित छौं ।

यो जीतको बारेमा पार्वती बुढाथोकी, छनोट भए मध्यकी एक विद्यार्थीले भनिन्, यो प्रतिस्पर्धा जित्नु मेरो अष्ट्रेलियामा उच्च शिक्षाका लागि ठुलो शुरुवात हो । स्टडी एडिलेड एम्बेसेडर बन्न पाउनु मेरा लागि गर्वको कुरा हो । म विद्यार्थीको रुपमा भाइब्रेन्ट र स्वागतमय शहर एडिलेडको समृद्ध अनुभवको प्रतिक्षा गर्दछु र आफ्नो अनुभव नेपालका इच्छुक विद्यार्थीहरुसँग बाड्न चाहन्छु ।

पार्वती बुढाथोकीले दक्षिण अष्ट्रेलियाको विश्वविद्यालयमा डाटा साइन्समा स्नातकोत्तर कार्यक्रमका लागि भर्ना गरेकी छिन् ।

स्टडी एडिलेड एम्बेसेडरहरुले फ्लिन्डर युनिभर्सीटी, द युनिभर्सीटी अफ एडिलेड, युनिभर्सीटी अफ साउथ अष्ट्रेलिया, टीएएफई एसए र इन्टरनेशनल कलेज अफ होटल म्यानेजमेन्ट लगायतका संस्थाहरुमा इन्जिनियरिङ, हेल्थ म्यानेजमेन्ट र सोस्यल वर्कमा स्नातकोत्तर गर्नेछन् ।

विश्वभरका शिर्ष २% युनिभर्सीटीमा पर्ने यसका ३ स्टेट युनिभर्सीटीहरुका साथ एडिलेड विद्यार्थी जीवनका लागि तयार पारिएको अग्रणी शैक्षिक शहर हो । इकोनोमिस्ट इन्टिलिजेन्श युनिट वर्ल्डवाइड कस्ट अफ लिभिङ रिर्पोटका अनुसार एडिलेड सिड्नी र मेलबोर्नको तुलनामा बस्नाका लागि १४% किफायती छ । यो शहरको अर्थव्यवस्था पनि तीव्र रुपले बढिरहेको छ र धेरै अष्ट्रेलियन स्पेश एजेन्सीको मुख्य ठाँउ हो ।

गफाष्टक

# एक गतेको उच्च छलाङ

आज कुनै काम छैन फुर्सदको समय सदुपयोग गर्छु भनेर ‘महान जनयुद्धको उच्च छलाङ’ भन्ने पुस्तक निकालेर पढ्न मात्र के बसेको थिएँ टुप्पुलुक्क भिरघरे आई पुग्यो । भिरघरेको आँखा कितावतिर पर्‍यो । अनि भनी पनि हाल्यो - हैन हौ काका ! अझै त्यो आतङ्कको माया लाग्दै छ ? १० वर्ष आतंक मचाएर धेरै जसोले धनगढी, नेपालगंज, सुर्खेत, दाङ, बुटवल, पोखरा, काठमाण्डौ, चितवन, विराटनगर झापातिर घर घडेरी जोडेर मोज गरेर वसेका छन् । तिमी भने चोया काडेर डोको बुनेर जीविका चलाउँदै छौ । अब त्यो तथाकथित जनयुद्धको के मायाँ गर्छौ ?

‘बकबक नगर भिरघरे । मेरो रगत र पसिना, सपना र बिपना, मृत्यु र जीवन, ध्वंस र निर्माण त्यही महान जनयुद्ध नै थियो । अनि कसरी चटक्क विर्सन सक्छु ! ए काका ! बकबक गरेको होइन । सत्य कुरा बोलेको हो । त्यस बेला हाम्रो काँग्रेसको कार्जेकर्ता मात्र होइन एमालेकालाई पनि खोजी-खोजी परमधाम पुर्‍यायौं । अहिले एमालेमै विलय भए पनि कसले पत्याउँछ ? काका नरिसाउ ‘अघि राँड जानिन, पछि राँड मानिन, बाघ लाग्यो घिच्याउन, राँड लागि चिच्याउन’ भनेको यही माओवादी हो ।

नचाहिने कुरो नगर भिरघरे । महान जनयुद्धको घोर अपमान गरेर प्राप्त उपलब्धीलाई अबमूल्यन गर्दै छस् ।

काका त्यसै रिसाउनु हुन्छ । खेतको कान्लाबाट उच्च छलाङ मारेको त्यो आतंक भड्खलामा जाकियो । अब केको मायाँ ? ओलीको छहारीमा शितल ताप्न नपुगेको भए माओवादीको हालत अहिले देखिने थियो । तिमिलाई त्यो आतंकले तीनवटी श्रीमती भन्दा अरु के नै दियो र !

भिरघरे बोल्दै थियो ठ्याक्कै त्यही बेला मेरी साँहीली श्रीमती भुन्टी आई पुगी ।

ए भिरघरे कति खेर आइस् ? लौ भन भन अस्ति १ गते जनयुद्ध दिवसमा प्रधानमन्त्री पनि आउने भन्ने थियो आए कि आएनन् ?

ए.........काकी, तिमी के भाकी ! त्यो तिमार्को महान जनयुद्धको सबैभन्दा तार्किकरुपमा, यथार्थपरक ढंगले, जनताले बुझ्ने गरी शब्दवाणद्वारा घुच्चुकमा प्रहार गर्ने नै ओली हुन । उनी नभएको भए अरु १० हजार जतिलाई तिमार्ले परमधाम पुर्‍याउने थियौ । अनि माओवादीले आफ्नो सबैभन्दा ठूलो, महान शत्रु घोषणा गरेको व्यक्ति पनि अहिलेको प्रधानमन्त्रीलाई नै हो । अनि कसरी जनयुद्ध दिवस मनाउन ओली आउँछन् ?

अनि भून्टी बोली - एक पटक त अहिलेका प्रधानमन्त्रीलाई हाम्रो पार्टीले पागल घोषणा गरेको थियो ।

हेर भुन्टी ! त्यो उबेलाको कुबेलाको कुरो हो अब महान जनयुद्धका प्राधिकार सम्पन्न युद्ध नायक, इतिहास रचयिता, युग पुरुष हाम्रो महान गौरवशाली पार्टीका अध्यक्षले सर्वहारा वर्गको नेतृत्वमा ओलीलाई हटाएर आफैं प्रधानमन्त्री बन्नु हुन्छ । अनि देख्छन् काँग्रेस र एमालेले तिरिझ्याईं । हौ काका ! गफ चाहिँ नदेउन होउ ! मदन भण्डारीको जबज नभएको भए माओवादीले पोको पुन्तुरो विसाउने ठाउँ पनि पाउने थिएन । ओलीले ओत नदिएको भए संसदमा पुग्ने र लुड्याउने ठाउँ पनि मिल्ने थिएन ।

यो भिरघरे झनक्क रिस उठ्ने कुरो गर्छ । जहिले आउँछ मुटुमा विझ्ने कुरो मात्र गर्छ । आफूले ठूलो स्वर निकालेर बोल्दा पनि दच्किदैन । हुन पनि भाकै कुरो गर्छ । त्यसबेला हाम्रो पोल खोल्ने नै यिनै ओली थिए । अहिले हाम्रा महानायक ठूला नेता ओलीको पछुवा बनेका छन् । हाम्रो गति यस्तो छ । काका अब धेरै नसोचे हुन्छ । अति भयङ्कर, काहाली लाग्दो त्यही नरसंहारको कारण मुलुक ५० वर्ष पछि पर्‍यो । यो मैले भनेको होइन ओलीले उहिल्यै भनेको । लौ म घरतिर लागें । तिमी भने उच्च छलाङ पढेर बस । यति भजेर भिरघरे टिमुरकिदै हिड्यो । म भने भुन्टीको मुखतिर हेरर टोलाइरहें ।

# हामी साथमा छौ कार्यक्रमले दिएको सन्देश यस्तो छ

काठमाडौं । नोबल कोरोना भाइरसविरुद्धको संघर्षमा लडिरहेको चीनलाई साथ दिन बुधबार काठमाण्डौमा ‘हामी साथमा छौँ’ कार्यक्रम आयोजना गरिएको थियो । ट्रान्स हिमालय विकास केन्द्र र फ्रेण्ड्स अफ सिल्क रोडले आयोजना गरेको कार्यक्रममा नेपाल र चीनको झण्डा बनाइ मैनबत्ती बालेर ‘हामी साथमा छौँ’ भन्ने सन्देश दिइएको थियो । त्यस्तै ‘सांगीतिक र साहित्यिक माध्यमबाट चीनलाई साथमा छौँ’ भन्ने सन्देश दिनलाई आयोजना गरिएको कार्यक्रममा नेपालका बिद्यार्थीहरुले चिनिया र नेपाली भाषामा गीत गाएर भावना प्रस्तुत गरेका थिए । भने नेपालका ख्यातिप्रप्त कवि बलराम दाहालले हामी साथमा छौ शिर्षकको मार्मिक कविता सुनाउनु भएको थियो । भने प्रख्यात हास्य कलाकार सिस्नुपानी नेपालका उपाध्यक्ष समेत रहनु भएका मनोज गजुरेलले पनि कविता बाचन गर्नु भएको थियो ।

चीन र नेपाल छिमेकी मात्र नभएर असल छिमेकी भएको र चीनले कोरोना भाइरसमाथि जित हासिल गर्ने छ भनि विश्वास नेपालले गरेको र नेपाल सँधै चीनको साथमा छ भन्ने सन्देश दिन कार्यक्रम आयोजना गरिएको कार्यक्रममा नेपालकी भुमिसुधार तथा सहकारी मन्त्री पद्मम अर्याल रहनु भएको थियो । भने नेपालका कुटनीतिक ब्याक्तित्वहरु साथै बुद्धिजीवि बर्ग पत्रकार, कलाकारहरु र नेपालका बिद्ययार्थीहरुको उपस्थिति बाक्लो रहेको थियो ।

कार्यक्रममा चिनियाँ राजदूत होउ यान्छीले चीनले ब्यहोरिरहेको विपत्तिप्रति नेपालले देखाएको सद्भावको सराहना गर्दै मञ्च पुगेर सम्वोधन गर्ने क्रममा निक्कै भावुक भएको देखिन्थ्यो ।

उनले चीन सरकारले कोरोना भाइरसको नियन्त्रण गर्न महत्वपूर्ण कदम चालेकोले महामारीलाई रोकथाम गर्न सफल भइछाड्ने पनि बताएकी थिइन ।



# मेगा बैंकलाई दोहा बैंकको २ अर्ब रुपैंया

काठमाडौं । मेगा बैंक नेपाल लिमिटेडले दोहा बैंकबाट २ अर्ब रुपैंया भन्दा बढी व्यवसायिक ऋण नेपाल भित्राउने भएको छ ।

मेगा बैंक नेपाल लिमिटेडले कतारको दोहा बैंकबाट २ करोड अमेरिकी डलर (करिब २ अर्ब २५ करोड रुपैंया) भित्राउन लागेको हो । मेगा बैंककी सिइओ अनुपमा खुञ्जेली र दोहा बैंकका नेपालस्थित कार्यालयका प्रमुख सुरजविक्रम शाहीबीच फागुन ४ गते सम्झौता पत्रमा हस्ताक्षर भएको छ । दोहा बैंकले नेपालको बैंकमा लगानी गरेको यो पहिलोपटक हो । नेपाल राष्ट्र बैंकको स्वीकृति लगत्तै मेगा बैंकले यो रकम नेपालमा भित्राउने छ । कुल प्राथमिक पूँजीको शत प्रतिशत रकम विदेशबाट व्यवसायिक ऋण ल्याएर नेपालमा लगानी गर्न पाइने



नेपाल राष्ट्र बैंकको व्यवस्था मेगा बैंकले दोहा बैंकबाट रकम ल्याउने प्रक्रिया थालेको थियो । नेपालको बैंकिङ प्रणालीमा देखिएको लगानी योग्यपुँजी (तरलता) अभावको समस्यालाई समेत मध्यनजर राख्दै दोहा बैंकबाट रकम भित्राउन लागेको मेगा बैंकले जनाएको छ । योसँगै बजारमा तरलताको अभाव अन्त्य भई सरल रुपमा कर्जा प्रवाह हुने र व्यवसायिक लगानीकर्ताहरुलाई राहत मिल्ने मेगा बैंकले जनाएको छ । ग्राहकको विश्वास जित्दै अघि बढ्दै गरेको मेगा बैंकको अहिले देशभर १११ शाखा, २९ वटा एक्सटेन्सन काउन्टर, ११४ वटा एटिएम सञ्जाल, ७९ वटा शाखारहित बैंकिङ्ग केन्द्रहरु र २५ सय भन्दा बढी मेगा रेमिट एजेण्ट रहेका छन् ।

# कामना सेवाको बीमा सहितको स्वर्णिम सुरक्षित प्लस बचत खाता संचालनमा

काठमाडौं । प्रगतिको आधार कामना सेवासँग कारोबार भन्ने मुल नाराका साथ आम जनता माझ विभिन्न बैंकिङ सुविधा प्रदान गर्दै आइरहेको कामना

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.
'प्रगतिको आधार, कामना सेवासंग कारोबार'

सेवा विकास बैंकले ग्राहकहरुको सुविधा र हितलाई ध्यानमा राख्दै बीमा सुविधा सहितको स्वर्णिम सुरक्षित प्लस बचत खाता सञ्चालनमा ल्याएको छ । कामना सेवामा खाता खोल्ने ग्राहकले ऐभरेष्ट इन्स्योरेन्सको सहकार्यमा रु ७ लाखसम्मको दुर्घटना बीमा र रु १ लाख सम्मको ओषधी उपचार बीमा सुविधा समेत प्रदान गर्ने हुंदा यसबाट ग्राहकले ठूलो लाभ लिन सक्ने र बैंकको व्यवसाय बृद्धिमा सहयोग पुग्ने बैंकले जनाएको छ । काठमाडौं -३०, ज्ञानेश्वरमा केन्द्रीय कार्यालय रहेको बैंकले देशका विभिन्न भागहरुमा ११८ वटा शाखा तथा ६२ वटा ATM मार्फत ग्राहकहरुलाई आफनो सेवा तथा सुविधाहरु प्रदान गर्दै आएको छ । साथै बैंकले ABBS, SMS Banking, Mobile Banking, C-ASBA लगायतका माध्यमबाट समेत सम्पूर्ण बैंकिङ्ग सेवा सुविधाहरु उपलब्ध गराउँदै आएको तथा समय सापेक्ष आफ्ना सेवाहरु थप गर्दै जाने बैंकको योजना रहेको छ ।

# सिटिजन्स बैंक र ईसेवा मनि ट्रान्सफरबीच रेमिटेन्स सम्झौता

काठमाडौं । सिटिजन्स बैंक इन्टरनेसनल र ईसेवा मनि ट्रान्सफरबीच विप्रेषण रकम भुक्तानी दिने सम्झौता भएको छ । उक्त सम्झौता बमोजिम अब ईसेवा मनि ट्रान्सफर मार्फत विदेशबाट नेपालमा पठाएको विप्रेषण रकम सिटिजन्स बैंकको नेपालभर रहेको ८९ वटा शाखाहरुबाट सहज रुपमा भुक्तानी पाउन सकिने छ । यो सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुने विश्वास बैंकले लिएको छ । सिटिजन्स बैंकले देशैभरी फैलिएका आफ्ना ८९ वटा शाखा, ९० वटा ए.टि.एम. र १०३ वटा शाखा रहित बैंकिङ्ग एकाईहरुबाट बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ ।



# प्रभु बैंक र एनप्याब्सन विर्चेसम्झौता

काठमाडौं । प्रभु वैक र एन प्यावसन बीच सिनामंगल, काठमाण्डौ स्थित निजी क्षेत्रका विद्यालयहरुको छाता संगठन एन प्याब्सनका विच बैंकिङ्गकारोबार प्रभु बैंक मार्फत गर्ने सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ। प्रभु बैंक

PRABHU BANK

लिमिटेडको प्रधान कार्यालय बबरमहल काठमाण्डौमा दुवैं पक्षका ब्याक्तित्वहरु बसी सम्झौतामा प्रभु बैंक लि. कातर्फबाट प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन र एन प्याब्सनका तर्फबाट ध्यक्ष विष्णु पराजुलीले हस्ताक्षर गर्नुभएको हो । प्रभु बैंक लि. र एन प्याब्सनसँगको आज सम्पन्न सम्झौता बमोजिम एन प्याब्सनको आधिकारिक बैंक प्रभु बैंक लि. हुनेछ । एन प्याब्सनले आफ्नो सम्पूर्ण आर्थिक कारोबार प्रभु बैंक मार्फत् गर्नेछ भने एन प्याब्सन अन्तर्गत सदस्यता ग्रहण गरेका निजी क्षेत्रका विद्यालयहरुले पनि आफुलाई पायक पर्ने प्रभु बैंक लि. को जुनसुकै शाखा कार्यालयमा खाताखोली विद्यार्थीहरुबाट संकलन गर्ने शैक्षिक शुल्क बैंक मार्फत् नै संकलन गर्न लगायत सम्पूर्ण आर्थिक कारोबार प्रभु बैंक मार्फत् गर्न सक्नेछन् । उक्त विद्यालयहरुमा कार्यरत शिक्षक तथा अन्य कर्मचारीहरुको तलबी खाता पनि प्रभु बैंकमै खोली सम्पूर्ण शिक्षक, कर्मचारहिरुले बैंक मार्फत नै तलब भुक्तानी लिन सक्नेछन् । एन प्याब्सन अन्तर्गत सदस्यता लिएका निजीविद्यालयहरुमा कार्यरत शिक्षक विद्यार्थि, कर्मचारीहरुले सम्बन्धित अभिभावकहरुलाई एकीकृत वित्तीय सेवा जस्तैः नेपाल धितो पत्रबोर्डमा सुचिकृत कम्पनीहरुको आईपिओ, एफपिओ, डिबेञ्चर लगायतको सूचना उपलब्ध हुनुका साथै शेयर कारोबार प्रयोजनका लागि आवश्यक पर्ने डिम्याट खाता खोल्ने सुविधा समेत उपलब्ध हुनेछ । एन प्याब्सनले आयोजना गर्ने संस्थागत वार्षिक कार्यक्रम लगायत जुनसुकै कार्यक्रमहरुमा आधिकारिक बैंकको रुपमा प्रभु बैंकको नाम उल्लेख गर्ने गरी सम्झौता भएको छ ।

# एन आई सी एशिया बैंकद्वारा भ्यालेन्टाइनडेमा मोबाइल बैककर्तालाई सोल्टीमा निशुल्क डिनर

काठमाडौ । एन आई सी बैंकले भ्यालेन्टाइन डे लक्षित गरि बैंकको मोबाइल बैंकिङ्ग एप :यद्यबलप मार्फत कारोबार गर्ने ग्राहक महानुभावहरुलाई पाँचतारे होटल सोल्टी क्राउन प्लाजामा भ्यालेन्टाइन डे को दिनमा निःशुल्क डिनरको अफर ल्याएको छ । जसअन्तर्गत ११ फेब्रुअरी देखि १३ फेब्रुअरी अर्थात माघ २८, २९ र ३० गते सम्म एन आई सी एशिया बैंकको मोबाईल बैंकिङ्ग एप :यद्यबलप कारोबार गर्ने २० भाग्यमानी ग्राहक महानुभावहरुले आफ्नो प्रेमी( प्रेमीका तथा जीवन साथीसँगै सोल्टीमा विशेष डिनर गर्न पाउनुहुनेछ । यस बैंकको मोबाईल बैंकिङ्ग एप :यद्यबलप मार्फत कुनै पनि भुक्तानी जस्तै त्तच उबथभलत, बिजुली बिल भुत्तानी, ञ्यदषभि तयउ(गउ लगायतका सेवाहरुमा जतिसुकै रकमको कारोबार गर्ने २० जना भाग्यमानी ग्राहक महानुभावलाई भ्यालेन्टाइन डे कै दिन डिनरको कुपन प्रदान गरिनेछ । तर यसमा इसेवा लोड, खल्ती लोड, क्रेडिट कार्ड पेमेन्ट र रकम ट्रान्सफरलाई भने बैंकले मान्यता दिने छैन । यसको नतिजा बैंकले आफ्नो फेसबुक पेज तथा जित्नुहुने ग्राहक महानुभावहरुलाई फोनमार्फत जानकारी दिनेछ । डिनर जित्नुहुने ग्राहक महानुभावले




आफ्नो कुपनसहित भ्यालेन्टाइन डे को दिन अर्थात फेब्रुअरी १४ मा सोल्टी क्राउन प्लाजा होटलमा भब्य डिनर गर्न पाउनु हुनेछ । बैंकले यो विशेष योजनाले नेपाल सरकारको 'डिजिटल नेपाल' को लक्ष्यलाई टेवा पुर्‍याउने विश्वास लिएको छ । यस्ता अफरहरुले आमजनमानसलाई डिजिटल बैंकिङ्ग प्रती लालायीत गर्ने र नगद भन्दा डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्ने विश्वास बैंकको रहेको छ । बैंकले यस्ता थुप्रै अन्य योजनाहरु ल्याइसकेको छ भने भविष्यमा पनि यस्ता कार्यलाई निरन्तरता दिने जानकारी गराएको छ । साथै बैंकले आफ्ना ग्राहक महानुभावहरुलाई विभिन्न अबकज दबअप अफर नियमित रुपमा दिइरहेको छ । यस बैंकको :oBank dfkm{tNTC/NCELL top up गर्दा ३ प्रतिशत cash back तथा हरेक बुधबार Daraz.com बाट सामान खरिद गर्दा १० प्रतिशत वा रु. ५०० सम्मको अबकज दबअप, हरेक शुक्रबार जबउउथ जयगच मा एपमार्फत भुक्तानी गर्दा अधिकतम रु. १०० सम्म cash back र Samsung Galaxy S10+ खरिद गर्दा अधिकतम रु. ३,००० सम्मको छुट दिने व्यवस्था बैंकले ल्याएको छ ।

**महिलामाथि हिंसा गर्नु कुनै पुरुषार्थ होइन, लज्जा हो**
**महिलामाथि हिंसा गर्नेलाई बहिष्कार गरौं ।**

# बैकिङ्ग संसार

## क्यानको २०20 को एक्स्पो भब्य रुपमा सफल गराउदै

काठमाडौ । नेपाल कम्प्युटटर अशोसिएसन अफ नेपाल महासंघले प्रविधि क्षेत्रको प्रगति र नेपालमा प्रविधिको बिकाश कसरी गर्न सकिन्छ भनेर प्रत्येका बर्ष झैं यो बर्ष पनि यहि फागुन २ गतेवाट ७ गते सम्म भृकुटी मण्डपमा क्यान इनफोटेक एक्स्पो गरिरहेको छ । नेपालको आफ्नो अत्पादन केही नभए पनि बिश्वमा उत्पादन भएका र नयाँ नयाँ प्रविधिहरु भित्रयाएर नेपाली उपभोक्ताहरुलाई सेवा दिइरहेका व्यवसायीहरुको संस्था क्यानले यो बर्ष पनि नयाँ नयाँ प्रविधि आगान्तुक बिद्यर्थी युवाहरुलाई आकर्षण गराउने गरि प्रविधिका सामग्रीहरु स्टमा राखेर एक्स्पो संञ्चालन गरिरहेको छ ।

यो भन्दा अगाडी माघ १ गतेदेखि ५ गतेसम्म प्रदेश १ को इटहरीमा, माघ ९ गतेदेखि १३ गतेसम्म प्रदेश २ को बिरगंजमा , माघ १७ देखि २१ गतेसम्म प्रदेश ५ को बुटवलमा, माघ २४ गतेदेखि २८ गतेसम्म प्रदेश ३ को चितवनमा प्रदेशस्तरीय प्रर्दशन गरिसकेर काठमाडौमा एक्स्पो गरेको क्यानले जनाएको छ। इन्फोटेकको बिशेषता इन्नोभेशन एक्स्पोजर रहने क्यानको दावी ।

यस अन्तर्गत स्टार्टअप र इन्नोभेशनसँग सम्बन्धित व्यक्ति वा संस्थाले आफ्ना नयाँ प्रडक्टहरु र आइडिया को प्रदर्शनी गर्ने छन् । क्यान महासंघले यसका निम्ति सार्वजनिक सुचना निकालेरै स्टार्टअप र इन्नोभेशनसँग सम्बन्धित व्यक्ति वा संस्थालाई सहभागि हुन आह्वान गरेको थियो सोहि अनुसार । सहभागिहरुलाई क्यान इन्फोटेकमा बिभिन्न सुबिधाहरु र उत्कृष्टलाई पुरस्कृत गर्ने घोषणा यस अघि नै गरिसकिएको जानकारी पत्रकार सम्मेलनमा दिएको थियो । प्रविधिका क्षेत्रमा भएका नयाँ तथा इन्नोभेटिभ आइडियाहरुको प्रवर्द्धन गर्ने क्यानको योजनाअनुरुप महासंघले इन्नोभेशन एक्स्पोजर लाई बिशेष प्राथमिकतामा राखेको देखिन्छ। सूचना प्रविधि तथा इञ्जिनियरिङका विद्यार्थीहरुको क्षमता विकास गर्नु, उनीहरुको आइडियालाई प्लाटफर्म प्रदान गर्नु, इन्नोभेटिभ आइडियालाई ब्यबसायमा बदल्न मद्दत गर्नु र व्यबहार उपयोगी शिक्षामा योगदान गर्नु पनि क्यानको. उद्देश्य रहेको जानकारी दिएको छ। इन्फोटेकमा स्टार्टअप आइडिया तथा प्रोजेक्ट प्रतिस्पर्धा र जुनियर इन्नोभेटरको प्रदर्शनी का साथै रोबोवार्स, अक्वाबोट, पुसबोट, ड्रोन डान्सिङ र रोबोट रेस जस्ता प्रतिस्पर्धा पनि आयोजना गरिने छ जसमा हरेक प्रतिस्पर्धाका विजेताले आकर्षक पुरस्कार पाउने छन् । यसका लागि बेग्लै विशेष पेभिलियनको व्यवस्था गरिएको देखिन्छ। रोबोट र ड्रोनबाट गरिने प्रदर्शनीको उद्घाटन पनि सूचनाप्रविधि मेलाको विशेष आकर्षण रहेको छ । क्यान इन्फोटेकमा विशेष आकर्षणको रुपमा गेमिङ जोन पनि रहने छ । सो अवसरमा गेमिङ्ग पार्टनर ओसियनले क्यान महासंघसँग मिलेर ई-स्पोर्टस् च्याम्पियनसीप प्रतियोगिता आयोजना गर्ने छ जसमा डोटा टु तथा सीएस गो जस्ता टीम वर्क आवश्यक पर्ने लोकप्रिय खेल खेलिने छन् । दुवै प्रतियोगिता नकआउट शैलीमा खेलिने छन् भने उत्कृष्ट ८ टीमले इन्फोटेकमा हुने प्रतिस्पर्धामा भाग लिन पाउने छन् । साथै बिजेताहरुले प्रमाणपत्र सहित रु १ लाख नगद पुरस्कार पनि प्राप्त गर्ने छन् ।

क्यान इन्फोटेकले प्रबेश शुल्क रु १०० राखेको छ, बिद्यार्थीहरुले ५० प्रतिशत छुट पाउने छन भने, सामुदायिक तथा सरकारी विद्यालय र कलेजका बिधार्थीहरु, संचारकर्मी, जेष्ठ नागरिक, फरक क्षमता भएका ब्यक्तिहरुले निशुल्क प्रवेश पाउन सक्नेछन। यसैगरि, फाल्गुन ४ गतेलाई बिजनेस डे को रुपमा तोकिएको थियो । क्यान इन्फोटेक २०२० को टिकटलाई पेपरलेस बनाइएको छ । अवलोकनकर्ताले प्रभु पेबाटै टिकट किन्न सक्ने छन् भने प्रदर्शनीस्थलमा पनि किओस्क मेशिनबाट टिकट लिन सकिने छ । यसले प्रदर्शनी अवलोकन गर्न चाहने व्यक्तिहरुले इन्फोटेक प्रवेशमा लाग्ने समयको वचत गर्न सक्नेछन् । त्यसैगरी ३ प्रदेश काठमाडौको प्रदर्शन सकिनसाथ फाल्गुन ११ गतेदेखि १५ गतेसम्म गण्डकी प्रदेशको पोखरामा,फाल्गुन २० देखि २४ गतेसम्म नेपालगंजमा (जिल्ला स्तरीय) ,फाल्गुन २८ गतेदेखि चैत्रको १ गतेसम्म प्रदेश ७ को धनगडीमा ,चैत्र ५ गतेदेखि ९ गतेसम्म कर्णाली प्रदेशको सुर्खेतमा सम्पन्न गर्नेगरी काम भईरहेको क्यानका अध्यक्ष नवराज कुवरले जानकारी दिनुभएको हो ।





# अध्यारो मन पराउनेहरु



कृष्ण बहादुर बोगटी 'काका'
धुम्बाराही-४, काठमाडौं
हाल चक्रबहिल- १२, ललितपुर

देश डुवाइ भ्रष्टाचार गर्नेहरु धेरै पहिला देखि नै सत्तलाई रहेको थिए। तिन करोड जनतालाई अठार घण्टा सम्म अध्यारोमा राखी करोडौंको विधुतिय उपकरण किन्न लगाई भ्रष्टाचार गरि नाता गोतामात्र पोप्ने र बाँकी रकम विदेशी बैंकमा लगी जम्मा गर्न पल्केकाहरु नेपाल विद्युत प्राधिकरणमा कुलमान आय देखि नै कुलमान लाई फसाउन ठुलो चलखेल चलीरहेको छ। मैले २०७४ माघ १६ गते राम्रो काम गर्ने सधैं भ्रष्टाचारीमा पर्छ भनेर प्रकाशित गरी सकेको छु। अहिलेपनि केही भ्रष्टाचारीहरु मिली देश र जनताको पक्षमा काम गर्नेलाई फसाउन ठूलोगिरो लागी रहेको छ। कुलमान जि तपाईले गरेको कुरा म र मेरा सारा देशबासी जनतालाई मन परेको छैन भ्रष्टाचार गरेको प्रमाणित भए भुण्डिएर मर्छु भन्नु तपाईको कायरता हो। तपाई चोखो हुनुहन्छ तर पनि भ्रष्टाचारीको शक्ति देखी परिचित हुनुहुँदो रैछ। तपाईलाई फसाउन लाग्ने धेरै शक्तिशाली धेरै ठुलो गिरोह छ। तपाईले भ्रष्टाचार गरेको हो भनेर प्रमाण बनाउन कुनै बेर लाग्दैन, मैले पनि एउटा संस्था सन्चालक लाई भ्रष्टाचार गरेकोले आरोप मात्र लगाय तर उसले त मलाई नै झुटो रिपोर्ट तयार गरी जेलै समेत हाली दियो त्यो थियो पुर्व एमाले को झोले कुलमान जि शक्ति देखी ठाडै बसी सजक रहनु होला तर पनि तपाईको साथ दिने धेरै छन सिमित भ्रष्टाचारीले रौं पनि हल्लाउन सक्दैन। सारा देश अध्यारो पारी भ्रष्टाचार गर्नेलाई अब जनताले नै कार्वाही गर्नुपर्छ सरकारले केही गर्दैन सरकार लेत आफ्ना कार्यकर्ता मन्त्रीहरु फस्छन की भनी अख्तियार सम्पत्ती सद्धिकरण जस्ता संस्था आफैसंग राखेको छ। कुनैपनी कार्यकर्ता सभासद मन्त्री कैले फस्ने छैन। कसैले भ्रष्टाचारी प्रमाणित गरी हाले प्र.म. आफै न्यायाधिस भै सफाई दिनुहुन्छ। अहिले देशमा सरकार भन्दा कोही पनि माथी छैन संविधान पनी सरकार भन्दा तल छ किनभने प्रधानमन्त्रि भन्दा शक्तिसाली नेपालमा न्यायालय अख्तियार मानव अधिकार आयोग पत्रकार मेडिया कोही पनि छैन सबैलाई थिचो मिचो गरिनै रहेको देखिछ। अब को चार वर्ष सम्मलाई सरकारले जनता चिन्दैन कम्युनिष्ट भनेर खोक्नेहरु हो। कम्युनिष्टका व्यवहार देखिनु पर्छ। एक पटकमा अख्तियारको पाठकले ७८ लाख घुस खाए त्यस्तो त कती पटक खाए होलान तर ७८ लाख नै धरौटीले छाडीनुको कारण के होला। २० करोड अकुत सम्पत्ती भन्ने एक करोड जरिवाना गरी छाड्ने अनि भ्रष्टाचारीलाई प्रोत्साहन गरेको देखिन्छ। अब एक करोड खाए पाँच करोड असुल्नुपर्छ तब भ्रष्टाचारीको दिन जान्छ। अरु पछि लेखौला जय नेपाल।

## खेलकुद

# ललितपुरका खेलकूद क्लबलाई पुरस्कार

ललितपुर। ललितपुर महानगर पालिकाले महानगरभित्रका 'ए', 'बी' र 'सी' डिभिजन क्लबलाई प्रोत्साहन रकम हस्तान्तरण गरेको छ। महानगरपालिकाले यहाँभित्र रहेका पाँच ए डिभिजन क्लबलाई प्रोत्साहनस्वरुप रु चार÷चार लाख उपलब्ध गराएको छ। उक्त क्लबमा थ्रीस्टार, जावलाखेल, फ्रेण्डस्, ब्रिगेड ब्वाइज र च्यासल छन्।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल भएवापत अन्य तीन समूहमध्ये ए डिभिजनको थ्रीस्टार र जावलाखेल क्लबले थप रु १२ लख र रु चार लाख रकम प्राप्त गरेका हुन्। गत वर्ष थ्रीस्टारले सात पदक हासिल गरेकामा रु २८ लाख र जावलाखेलले राष्ट्रियस्तरको एउटा प्रतियोगितामा प्रथम स्थान हासिल प्राप्त गरेको थियो

यसैगरी महानगरपालिकाले बी डिभिजन क्लबलाई रु तीन÷तीन लाख प्रोत्साहनस्वरुपको रकम प्रदान गरेको छ। रु तीन लाख पाउने बी डिभिजनका क्लबमा खुमलटार, सातदोबाटो, झम्सिखेल र पुल्चोक रहेका छन्। सी डिभिजन क्लबलाई महानगरपालिकाले रु दुई÷दुई लाख प्रोत्साहन रकम प्रदान गरेको छ। रु दुई लाख पाउने उक्त समूहमा खालीबारी र सानेपा रहेका छन्।

महानगरपालिकाले गत वर्षदेखि नै वार्षिक बजेटमा व्यवस्था गरी फुटबल क्लबलाई रकम हस्तान्तरण गर्दै आएको जनाएको छ। सो रकम हस्तान्तरण गर्दै महानगरपालिका प्रमुख चिरीबाबु महर्जनले आगामी नगरसभामा निर्णय गराएर फुटबल क्लबहरुलाई दिइने प्रोत्साहन रकम बृद्धि गरिने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "गत वर्षको तुलनामा यस वर्ष धेरै पदक हाम्रो महानगरपालिकाका क्लबहरुले हासिल गर्न सकेनन्, यो हाम्रो लागि दुःखको कुरा हो।"

आगामी वर्ष महानगरपालिकाभित्र बढीभन्दा बढी पदक भित्र्याउन खेलाडीले थप मेहनत गर्नुपर्ने महर्जनले औँल्याउनुभयो।

# एसिसी पूर्वी क्षेत्रीय क्रिकेटका लागि टोलीको घोषणा

काठमाडौं। नेपाल क्रिकेट सङ्घ (क्यान)ले थाइल्यान्डमा हुने एसिसी पूर्वी क्षेत्रीय पुरुष टी ट्वान्टी क्रिकेट प्रतियोगिताका लागि नेपाली राष्ट्रिय टोलीको घोषणा गरेको छ। क्यानले आगामी फागुन १५ देखि २३ गतेसम्म हुने उक्त प्रतियोगिताका लागि १४ सदस्यीय टोलीको घोषणा गरेको हो।

ज्ञानेन्द्र मल्लको कप्तानीमा उपकप्तान दीपेन्द्रसिंह ऐरी, पारस खड्का, विनोद भण्डारी, आरिफ शेख, करण केसी, सन्दीप लामिछाने, अभिनाश बोहोरा, सुशन भारी, कुशल मल्ल, पवन सर्राफ, भुवन कार्की, सन्दीप जोरा र किशोर महतो रहेका छन्। भुवनको चार वर्षपछि टोलीमा पुनरागमन भएको छ। सन् २०१३ मा पहिलोपटक राष्ट्रिय टोलीमा परेका उनले पछिल्लो पटक सन् २०१७ मा बङ्गलादेशमा भएको इमर्जिङ एशिया कप खेलेका थिए।

आइसिसी विश्वकप क्रिकेट लिग दुई खेलेका शरद भेषवाकर, सुवास खकुरेल, रोहितकुमार पौडेल र कमलसिंह ऐरी टोलीमा छैनन्। पवन, सन्दीप र किशोरलाई मौका दिइएको छ। नेपाली टोलीको प्रशिक्षकको जिम्मेवारी जगत टमाटालाई दिइएको छ। प्रतियोगितामा आयोजक थाइल्यान्डसहित नेपाल, सिङ्गापुर, हङकङ र मलेसियाले प्रतिस्पर्धा गर्नेछन्।

कोराना भाइरसका कारण चीन, भुटान र म्यान्माले एसिसी पूर्वी क्षेत्रीय क्रिकेट प्रतियोगितामा सहभागी नहुने बताएका छन्। कोरोना भाइरसको कारण देखाउँदै तीनवटै देशको सरकारले उक्त प्रतियोगिता खेल्न खेलाडीलाई अनुमति नदिएपछि तीनै देशले अन्तिम समयमा आएर प्रतियोगिता खेल्न नसक्ने आयोजक राष्ट्रसमक्ष जानकारी गराएका छन्। पूर्वी क्षेत्रीय सो प्रतियोगितामा पुछारका तीन देश चीन, भूटान र म्यान्मा सहभागी नहुने भएपछि बाँकी पाँच देशको टोलीले मात्र प्रतिस्पर्धा गर्ने बताइएको छ। तीनवटै टोली क्रिकेटमा निकै कमजोर मानिन्छन्। प्रतियोगिताको फाइनल पुग्ने टोलीले आगामी अगस्तमा मलेसियामा हुने एसिया टी ट्वान्टी छनोटमा भाग लिनेछन्। उक्त छनोट प्रतियोगिताको विजेताले आगामी सेप्टेम्बरमा पाकिस्तानमा हुने एसिया टी ट्वान्टी कप प्रतियोगिता खेल्नेछ। एशिया टी ट्वान्टी कपमा छनोट भएर आउने टोलीसँगै भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का र अफगानिस्तानबीच प्रतिस्पर्धा हुनेछ।

# यस कारण झर्छ कपाल

## स्वास्थ्य

वैज्ञानिहरुले तनावले किन कपाल झर्छ? र किन यो पुरै सकिने बेलासम्म झर्छ भन्ने कुरा पत्ता लगाएका छन्। छालामा हुने स्टिम कोष हुन्छ यो कोष तनावको कारणले नष्ट हुन्छ। जुन कोषले छाला र कपालको रंगको नियन्त्रण गर्छ। यो पनि पत्ता लागेको छ कि तनावले कालो चम्किलो कपाल समेत एक सातामै सेतो हुन्छ।

अमेरिका र ब्राजिलका अनुसन्धानकर्ताहरुले कपालको रंगले मान्छेको उमेर रोक्ने कुरा कमजोर झुट साबिवत भइसकेको बताएका छन्। महिला तथा पुरुषहरु ३० वर्षदेखि नै फुल्न थालेको कुरा बीच–बीचमा फुल्ने सेतो कपालको रंगले नै संकेत गरि सकेको हुन्छ। यद्यपि यसले प्राकृतिक रुपमा बुढो हुनु भन्दा अघि नै जिनमा परिवर्तन ल्याइदिन्छ। यसको पछि तनावको भूमिका हुन्छ।

तर वैज्ञानिकहरु तनावले कसरी कपाल र टाउकोमा असर गर्छ भन्ने कुरामा प्रष्ट थिएनन्। साव पाउलो तथा हार्भड विश्वविद्यालयको नेचर जर्नलमा प्रकाशित यो अध्ययनले छालाको स्टिम कोषमा हुने मिलन्को जसले कपालमा मेलानिन तत्व उत्पादन गर्छ र यो छाला तथा कपालको रंग निर्धारण गर्ने भूमिका खेल्छ। यो तथ्य प्रमाणित गर्न उनीहरुले मुसामा प्रयोग गरेका थिए।

'तनावले हाम्रो कपाल र छालामा परिवर्तन ल्याउने गर्छ र यसले कसरी काम गर्छ भन्ने कुरामा हामी निश्कर्षमा पुगिसकेका छौं' अनुसन्धानका लेखक प्राध्यपक या-सि-शि,सुले भने। दुखाइले मुसालाई एड्रानालाइन र कोस्टिसोल भन्ने तत्व निकाल्न सहयोग गर्छ।



दुखाइले मुटुको चाल छिटो गराउने र रक्तचाप बढाइ स्नायु प्रणालीलाई असर गर्छ। निरन्तर तनावले यसको असर बढी पुग्छ। यो प्रक्रियाले छिटो स्टिम कोषको कमी हुन्छ जसले मेलानाइन नामक तत्व उत्पादन गरी कपाललाई चम्किलो बनाउँछ।

'म निश्चित छु कि तनाव शरिर को लागि खराव छ' प्राध्यपक शुले भने। ' तर तनावको असरको निर्धारण मैले कल्पना गरेको भन्दा बढी रहेछ' उनले भने। ' केही दिन अघि सबै प्राकृतिक रुपमा हुने स्टिम कोष मरिसकेका थिए' उनले भने।

'यसरी फुलेको कपाल,तपाईंले पुन प्राकृतिक रुपमा पाउन सक्नुहुन्छ,किन कि यो स्थायी रुपमै नष्ट भइसकेको हुन्छ'। अर्को प्रयोगमा अनुसन्धान कर्ताहरुले रक्तचाप तथा तनाव बिरुद्धको औषधी दिएका थिए। यो पछि कपाल झर्ने प्रक्रिया रोकिएको थियो। तनावमा भएका मुसाको जिन पनि तुलना गरिएको थियो। उनीहरुले स्टिम सेल नष्ट गर्नमा प्रोटिनको भुमिका थियो। यो प्रोटिनले किनासमा रहेको साइक्लिनलाई दवाएर राख्छ। उपचार ले पनि काम गर्दैन।

छिटो कपाल फुल्ने ससस्यालाई ढिला गर्नको लागि वैज्ञानिहरुले सिडेके (साइक्लिन निर्भर किनेज)रसायनिक औषधी मार्फत प्रयास गरिरहेका छन्।

'यी उपाय फुलेको कपालको लागि निको हुन उपचार हैन'प्राध्यपक शुले भने,' हामीले मुसामा प्रयोग गरी पत्ता लगाएका थियौं,यो प्रारम्भिक चरण हो र मानवमा थप अनुसन्धान हुनु आवश्यक छ'। 'यो अध्ययनले हामीलाई कसरी तनावले शरिरका अन्य भागलाई असर गर्छ भन्ने कुरामा थप जानकारी दिएको छ।

# रामेछाप डायरी

## रेविज विरुद्ध छाडा कुकुरको शिविर

रामेछाप। रामेछाप सदरमुकाम मन्थलीका छाडा कुकुरलाई रेविज विरुद्धको खोप तथा स्पेइङ्ग बन्ध्याकरण गरिएको छ।

मन्थली बजार क्षत्रमा हिड्ने यात्रुलाई कुकुरले टोक्ने सम्भावना बढेपछि शिविरनै सञ्चालन गरी २ सय १६ वटा छाडा कुकुरलाई रेविज विरुद्धको खोप लगाई स्पेइङ्ग तथा बन्ध्याकरण गरिएको मन्थली नगरपालिका पशु सेवा शाखाले जनाएको छ। बजार क्षत्रमा बढ्दै गएको छाडा कुकुरको संख्याबाट सम्भावित जोखिमलाई मध्यनजर गरी कुकुरको संख्यालाई नियन्त्रण गर्न शिविर सञ्चालन गरिएको मन्थली नगरपालिका पशु सेवा शाखाको प्रमुख मुकुन्द खड्काले बताए। उनले केन्द्रीय रिफरल चिकित्सालय त्रिपुरेश्वरको प्राविधिक सहयोगमा मन्थली नगरपालिका पशु सेवा शाखाले आयोजना गरेको शिविरको पहिलोदिन विहिबार ७२ वटा , शुक्रबार ८४ वटा र शनिबार ३१ वटा र आइतबार २९ वटा कुकुरलाई रेविज विरुद्धको खोप लगाई पोथी कुकुरलाई स्पेइङ्ग तथा भाले कुकुरलाई बन्ध्याकरण गरिएको जानकारी दिए।

नियन्त्रणमा लिइएका कुकुरलाई अन्य रोग पनि छकि छैन परिक्षण गरी आवश्यक औषध उपचार गरी जुन क्षत्रबाट नियन्त्रणमा लिइएको हो त्यही क्षत्रमा लगेर छोडिदिएको खड्काको भनाई छ। आइतबार सम्पन्न भएको शिविरमा वरिष्ट पशु चिकित्सक डाक्टर शंकर पाण्डे, पशु चिकित्सक डाक्टर अर्जुन अर्याल, पशु चिकित्सक खितबहादुर श्रेष्ठ र मन्थली नगरपालिका पशु सेवा शाखाका पशु सेवा प्राविधिकहरुले सेवा दिएका थिए।

## टोल सुधार समिती गर्‍यो सरसफाइ

रामेछाप। रामेछापको सदरमुकाम मन्थली नजिकैको भैसेश्वर क्षेत्र सरसफाईमा स्थानीयहरु लागेका छन्। भैसेश्वर पुलमुनि अत्याधिक मात्रामा जथाभावी फोहोर फाल्ने कार्यालाई रोक्न वातावरण संरक्षण परियोजना अन्तर्गत गठन भएको भैसेश्वर टोल सुधार समिती लाग्ने भएको हो।

टोलसुधार समितीका अध्यक्ष भिमसेन थापाको अध्यक्षतामा विहिबार बसेको बैठकले भैसेश्वर टोल वरपरका बोट बिरुवा संरक्षण गर्ने , सार्वजानिक क्षेत्रमा नियमित सरसफाई गर्ने , र प्रत्यक महिनाको दोस्रो शनिवार विहान टोल तथा सडक सरसफाई गर्ने निर्णय गरेको छ। बैठकले वर्षायममा हिलाम्मे र हिउँदमा धुलाम्मे बनाउँने बाँसघारी खोल्सो र भिमसेन थान खोल्सोलाई नियन्त्रण गर्न मन्थली नगरपालिका र वातावरण संरक्षण परियोजनालाई अनुरोध गर्ने निर्णय पनि गरेको छ। बैठकमा सहभागि भैसेश्वर टोल सुधार समितीका पदाधिकारी तथा टोलका स्थानीयहरु टोल सुधार समितीको बैठकले गरेको निर्णय पुर्ण रुपमा कार्यान्वय गर्न सहमत भएका छन्।

## रुखबाट लडेर रामेछापमा भुजेलको मृत्यु

रामेछाप। रुखबाट लडेर रामेछापमा एक पुरुषको मृत्यु भएको छ। रामेछाप जिल्लाको रामेछाप नगरपालिका वडा नम्बर ८ भोर्लेका ४२ वर्षिय सार्कि भुजेलको रुखबाट लडेर ज्यान गएको हो।

शुक्रबार दिउँसो घरमाथिको डिलमा रहेको आँपको रुखमा चढेर दाउरा झार्ने क्रममा रुखको हाँगा भाँचिएर लड्दा भुजेल घाइते भएको र उनलाई अस्पताल पुर्याउने क्रममा उनको बाटोमै ज्यान गएको प्रहरी चौकी रामेछाप डाँडाका असई मिन बहादुर थापाले जानकारी दिनुभयो। मृतक भुजेलको शव पोष्टमार्टमका लागी जिल्ला अस्पताल रामेछापमा राखिएको छ।

## रामेछापमा नागरिक -प्रहरीबीच साझेदारी गर्दै

रामेछाप। रामेछापमा समुदाय प्रहरी साझेदारी कार्यक्रमलाई प्रभावकारी बनाउँने बारेमा सरोकारवालाबिच छलफल भएको छ। सोमबार मन्थलीमा बसेको समुदाय प्रहरी जिल्ला समितीको बैठकमा यसबारे छलफल भएको हो। बैठकमा जिल्ला समन्वय समिती रामेछापका प्रमुख प्रेम बहादुर खड्काले समाजमा हुने विभिन्न अपराधिक गतिविधिहरुलाई नियन्त्रण गर्न समुदाय प्रहरी साझेदारी कार्यक्रमले ठुलो भुमिका खेलेकाले यसलाई अझै प्रभावकारी बनाउँनुपर्नेमा जोड दिए।

यो कार्यक्रम संचालनका लागि आवश्यक श्रोतको कमि हुँदा सोचे अनुरुपको प्रभावकारी नभएको भन्दै उनले अब जिल्लाका सबै स्थानीय सरकारसंग आवश्यक समन्वय र सहकार्य गरी श्रोत जुटाई प्रभावकारी बनाउँनुपर्ने बताए। समुदाय प्रहरी साझेदारी कार्यक्रम रामेछापका संयोजक एवं प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले सबै नागरिकका बिचमा राज्य पुर्याउँने महत्वपुर्ण माध्ययम सामुदाय प्रहरी साझेदारी कार्यक्रम भएको बताइन्।

उनले विगतम जे जस्तो अवस्थामा यो कार्यक्रम संचालन भएपनि अब यो कार्यक्रमलाई प्रभावकारी बनाइने बताइन्। जसका लागि जिल्लाको सबै स्थानीय तहका प्रमुख , प्रमुख प्रशासकिय अधिकृत लगायत जिल्ला स्थित सरोकारवाला निकायसंग छलफल र सहकार्य गरिने उनको भनाई छ। जिल्ला प्रहरी कार्यालय रामेछापका प्रमुख प्रहरी नायव उपरिक्षक बसन्त पाठकले जिल्लाका ८ वटै स्थानीय तह, ६४ वटा वडा , २ सय ५६ वटा टोल र २ सय ७० वटा विद्यालयमा समुदाय प्रहरी साझेदारी समिती गठन गरी कार्यक्रम संचालन गरिएको बताए। उनले पालिका , वडा , टोल अनि विद्यालयहरुमा आवश्यकताका आधारमा लैङगीक हिंसा विरुद्धका कार्यक्रम, साइबर क्राइम, मनोपरामर्श, सडक सुरक्षा लगाएत चेतनामूलक विभिन्न कार्यक्रमहरु संचालन गरिएको बताए।

समुदाय प्रहरी साझेदारी मार्फत जिल्लामा संचालन हुने कार्यक्रम समेत सार्वजनिक गरिएको कार्यक्रमका सहभागिहरुले समुदाय प्रहरी साझेदारी मार्फत संचालन हुने कार्यक्रमहरु आवश्यकताको पहिचान गरेरमात्रै संचालन गर्न सुझाव दिएका छन्। समुदाय प्रहरी साझेदारी कार्यक्रमका सल्लाहाकार एवं जिल्ला समन्वय समितिका प्रमुख प्रेम बहादुर खड्काको अध्यक्षतामा बैठक बसेको हो। मुख्यतः प्रहरी विद्यालय सम्पर्क कार्यक्रम, सामुदायिक सचेतना र अपराध रोकथाम, सूचना सङ्कलन र आदानप्रदान , प्राकृतिक सम्पदाको दोहन नियन्त्रण, वातावरण संरक्षण, विपद् व्यवस्थापन, साइबर अपराध नियन्त्रण, सुरक्षा उपकरण विस्तार, सामाजिक विकृति तथा बेचबिखन नियन्त्रणमा भूमिका खेल्नेगरी नेपाल प्रहरीले प्रहरी साझेदारी कार्यक्रम देशभर संचालन गरिरहेको छ।

# मन मिल्दा रससिला,मन नमिल्द बलत्कार



हेमजङ्ग कार्की

हाम्रो देश सीता, भृकुटी तारा जस्ता महिलाको जन्म भएको देश हो । ठुला ठुला परिवेशको संकटको वेला पुरुषलाई दर्विलो र महत्वपूर्ण साथ दिने महिलाको शाख भएको स्थान नेपाल हो । हिजो जति ठुला ठुला युद्ध एवं संघर्ष भयो त्यसको श्रेय महिलाको साथको थियो । धर्मपत्निको ठुलो हात थियो । धर्मको अर्थ सत्यता हो । विश्व जित्नजाने एवं ठुलो नरसंहारमा होमिन जानको लागि आट र अठोट दिने तिनै महिला वर्ग हुन । महिला एक पुरुषको लागि इन्धन हुन जसको सहायताले उड्ने गुड्ने यातायातको साधन चलेको हुन्छ । आज त्यही इन्धनमा मिसावट भेटियो जसको कारण उड्ने गुड्ने यातायातको साधन सिज हुन थालेका छन ।

आज २१ औं सताब्दिमा त्यो महिलाको धैर्यता, सहनशिलता, अठोट, शक्तिको परिवेश हराएको महसुस हुन्छ । आज नेपालको परिवेशमा भए रहेका र देखिएका कुराहरु जस्ताको तस्तै विसाउने अठोट गरेको छु । आजका केही महिला वर्गहरु मन मिले डेटिङ्ग, लिभिङ्ग टुगेदर, गेटटुगेदर नामाकरण गरी हिड्ने, खाने, वस्ने अनि शारीरिक सम्वन्ध आवश्यकता अनुरुप लिने र मन नमिल्ने वित्तिकै, कुनै संभौतामा तलमाथी हुने वित्तिकै यसले वलत्कार गऱ्यो, जवरजस्ति गऱ्यो भनि उजुरी दिई एक पुरुष थुनाउने महिला वर्गलाई कारवाही हुनु पर्दैन ? के बलत्कार गर्ने त्यो वलतकारी पुरुष मात्र हून्छ र ? वलत्कारको नाममा सोभ्रो हिड्दा हिड्दै गरेको पुरुष माथि समेत अवहेलना गर्ने महिला के कारवाहीको भागेदारी हुनु पर्दैन ? के महिला भन्ने वित्तिकै सबै दुधले नुहाई वसेका नै हुन्छन र ? यसो भन्दै गर्दा पूरुषनै सबै सर्व परि राम्रा छन भनेको पनि हैन फेरी । जसले गल्ति गऱ्यो उसलाई कारवाही हुनु पर्छ भन्ने मान्यता हो ।

वर्तमान समयमा वलत्कारी कार्य भो भन्ने महिलाको रिर्पोट अनुसार, कयौ पूरुषहरु थुनिएका छन, कयौ पूरुषहरु आत्महत्या गर्न बाध्य भएका छन । कयौ विदेसिएका दाजुभाईहरु त्यही श्रीमती पाल्नको लागि ५५ डिग्री तापक्रममा काम गरी कति वेला मालिकको आँखा छली, कति वेला फुर्सदको वेला फोन गर्ने गर्दछन । यता श्रीमितीहरु आफ्नो श्रीमानको फोन पार्क या कुनै रेष्टुरामा वसी फोन उठाउने र के छ वुढी भनि वुढाले सोध्दा तिम्रो यादले मत मर्न लागे, तिम्रो मायाले तड्पेर एककोहोरो भएकी छु भन्दै नक्कली केटा साथीको दारी सुम्सुम्याई वसेको अवस्था यो नाङगो आँखाले देखिन्छ । स्वतन्त्रताको नाउँमा विकृति पनि अत्याधिक तवरले वढेको छ । यसो भन्दै गर्दा कुनै जागिरको सिल्सिलामा स्वदेश वा विदेशमा रहेका पुरुषको सच्चा मायाँ भएको, इज्यतको ख्याल भएको, आफ्नो घर परिवार चुस्त दुरुस्त तवरले चलाएर वसेको सम्मान पूर्वक जिवन यापन गरी रहेका महिलालाई त्यस्ता केही उद्न्डीत महिलाले गर्दा उनिहरुको इज्यत जोगाउन नै मुस्किल परेको देखिन्छ । एकले विरायो शाखा पिरायो भन्ने उक्तिको शामना गर्नु परेको देखिन्छ ।

अभ्रै यसलाई सुक्ष्म अध्ययन गर्दा गैर दलित महिला वर्गले एक जुभ्रारु, कुनै कामका तल्लिन र भविश्यको डोरो कोर्दै गरेको दलित पूरुषसंग मायाँ प्रेममा रहने, शारीरिक सम्पर्क गर्ने, घुम्न जाने, खाने कार्य सम्मन्न गर्ने अनि पछि समाजले थाहा पाए पछि यो दलितले मलाई जवरजस्ति गर्न खोज्यो या गऱ्यो भनि आफु चोखिनको लागि समेत त्यो पुरुष कारवाहीको भागेदारी हुने गरेको पाहिन्छ । अर्को कुरा कुनै केटीलाई केटा मन पऱ्यो भने फसाउनको लागि साथी वनाउने, यसो भेटघाट गर्ने घुम्न जाने बाहानामा आफ्ना अनुकुलका साथी त्यस स्थानमा राखि नीतिगत तरिकाले डिजाईन गरी मुल बाटोमाथि वसी कुरा गर्ने क्रममा गुहार गुहार भनि कराउनु त्याहाँ अन्य केटा आँउनु, केटीले सम्पूर्ण कुराको वयान गर्नु, केटालाई अव लगिनस भने फेला पर्ने भैस भनी डर देखाई भिडाई पठाउने सम्मको हर्कत देखिन थालेको छ ।

यहाँ कयौ कहिला पुरुष एक आपसका पिडित नभएका भने हैनन । किनभने यहाँ हाम्रो परिवेशमा जे जस्तो प्रकारको पति भए पनि धर्मअनुसार विवाह गरेर गएका महिलाहरु यही पूरुष संग वस्नु पर्ने संस्कार छ । यो कुरा भन्न मिल्ने थियो की थिएन तर मैले उठान गर्नू पर्ने देखेर नै यो कुरा उठाउनको लागि बाध्य भएको छु । महिला पोईला गै, नकचरी, लाज नभएकी आदि अर्थले गाली गर्ने अवस्था छ । त्यसको कारण के हो भन्ने तर्फ समाजले वुभ्रुन खोज्दैन । हाम्रो शरिरमा मानिस अनुसारको हर्मन वढि र कम हुने गर्दछ । सोही अनुसार अत्याधिक यौन सम्पर्क गर्न रुचाउने महिलाको पूरुष साथी यौन सम्पर्कमा ध्यान दिदैन हो त्यो महिला पोईला जान बाहेक कुनै परिवेश हुदैन भने अर्का तर्फ यौन सम्पर्क वढि भन्दा वढि गर्न रुचाउने पुरुष हुन्छ भने उसको श्रीमती यौन सम्पर्क वढि भन्दा वढि रुचाउन र शरिरले थेग्न नसक्ने अवस्था भएको खण्डमा पनि पोईला जाने र अर्को श्रीमती ल्याउने परिवेश रहेको पाहिन्छ । अभ्रै अहिलेको परिवेशमा मेलमिलाप कर्ता समक्ष यो समस्या लिएर दुवै तर्फ मिलि जुली डिर्भो गर्ने चलन पनि रहेको छ । दुवै जना जस्तो सुकै अवस्थामा पनि यौन सम्पर्क गर्ने सक्ने र सहज महसुस गर्नु मानिस सहजताका साथ वसेको पाहिन्छ ।

२०७४ भदौ १ गते देखि लागु भएको कानुन अनुसार श्रीमतीलाई पनि जवरजस्ति गरेको खण्डमा कानुनी कारवाहीको भागेदारी हुने कुरा लेखिए पछि अहिले सम्पतीको लोभमा परी एवं कुनै बाहानामा छोरी उचाली, मलाई यसो गरो र उसो गरो भन्नु भनी गोजिमा अट्टाउने टिभीहरुका नाईकेलाई बोलाई सार्वजनिक गरेर आफ्नौ श्रीमान फसाउन समेत तन्लीन भएका आजका महिलाहरु भेटिन थालेको पाहिन्छ । छोरीहरु पढाउनको लागि आमाबाले खाई नखाई शहर पठाएका हुन्छन । छोरीहरु बाआमाले भनेको नमान्ने भई अहमताको भावनाले पनि विग्रेका छन भने केही बावुआमाले नै गरि खाईरहेको छोरी फकाई एक निर्दोश पुरुष माथि हमला गरेको पनि पाहिन्छ । यो अग्यानताको कमि र धन दौलथको पछाडीलाग्ने मान्छेले यस काममा अग्रसर भएको देखिन्छ ।

आज खुल्ला डेटिङ्ग स्पोर्टहरु भए, स्वतन्त्रताको नाममा विकृतिको कारखना नै चलाउने गरेको पाहिन्छ । धार्मिक स्थल, पिक्नीक स्पोर्ट, वसपार्क स्थित रहेका केही होटल रेष्टुराहरु भएका देखीएका दृष्यहरु पशुजन्य रहेको पाहिन्छ । प्रहरीले वेला वेला पार्क एवं अन्य सार्वजनीक स्थानमा भएका अस्लिल हर्कत गरेको अवस्थामा रहेका जोडीहरु समातेर ल्याउने गरेको पनि सर्ववितिदै छ । के यस्तो विकृति नारी चरित्र सबैमा स्वीकार्य नै हुन्छ त ? के नारीको अस्मिता यहि हो त ? के नारी यति कम्जोर वस्तु हो त ? के नारी सभ्यताको पाठ छैन त ? के नारीमा हुनु पर्ने गुण नष्ट हुदै गएको हो त ? के पुरुष नारीको लागि दानवनै हो त ? के पुरुष विना नारीको जीवन सार्थन नै हुन्छ त ? के महिला पुरुष विनाको संसार चल्न सक्छ त ? के पुरुष जाति सबै वलत्कारी नै हुन त ? भन्ने प्रश्नको उत्तर खोज्न मन लाग्छ । अभ्रै जिल्ला अदालत, सर्वोच्च अदालत, अनि मेलमिलाप केन्द्रमा भएका र देखिएका कुरा सुन्दा अनि वुभ्र्दा माथि उल्लेखित प्रश्न उब्जिने गर्दछन । (पूरुषले चाहै वर्ष दिन महिलाले चाहे एकैछिन) भन्ने उक्तीलाई याहाँ सार्थक वनाउन सक्ने क्षमता महिलामा रहेकोले पनि पुरुष वढी फसेको पाहिन्छ । यसमा महिला पनि नफसेका भने छैनन ।

एक प्रकारका चरुवा महिलाले गर्दा सभ्य र ब्यवहारीक महिलालाई आफ्नो. शिर उच्चो वनाएर हिड्नको लागि अप्ठ्यारो भएको देखिन्छ । याहा यसो भन्दै गर्दा पूरुष सबै चोखा र स्फट्टिक नै छन त ? भन्ने कुरा आउँन सक्छ । सबै पूरुष त्यस्ता दुधले न्वाएर रहेका छन भन्न खोजेको हैन । समाजमा विकृति दुवै पक्षको छ । जहाँ सभ्य ब्यवहार भएको मानिसको पासमा केही सभ्यको पाठ नसिकेको मानिस रहेको स्थानमा त्याहाँ २ पक्षको मन मुटाव रहन्छ । तर पछिल्लो स्थितीमा हेर्दा पूरुष पढी पिडित रहेको देखिन्छ । कसैकी छोरी विवाह गरी दिए पछि अन्माउने केहि समय अगाडी मारेपाप पालेपुन्य भनि दिएको हुन्छ । त्यसको पनि हेक्का राख्नु पऱ्यो, पालन पोषण गर्नु पऱ्यो, अरुका वच्चाहरु राम्रो स्थानमा पुऱ्याएको देखेपछी आफ्नोलाई तल पार्न मन नहुने अनि त्यसको परिपुर्तिको लागि रोजगारमा विदेशीनु पर्ने हुन्छ । उ मायाँ र प्यारकोसाथ विदेश उठेको हुन्छ आउँदा सम्म उ खुसि हुन्छ । त्रिभुवन विमानस्थलमा आए पछि उसका वेथा र ब्यवस्था थाहाँ पाउन थाल्छ । घर पुग्दा न त श्रीमती, न त परिवार, न त सम्पत्ती केही नभएर उराठलाग्दो जिवन विताउदै वसेका मानिस यदा कदा प्रसस्त मात्रामा पाहिन्छ ।

निषर्कषमा भन्नु पर्दा आजको यूगमा आएर विभिन्न माथि उल्लेखित कारणले पूरुष एक कालो भ्र्यालखानामा वस्न बाध्य रहेको छ । नखाएको विष लागेको छ । जसले आफ्नो सुन्दर सपना लिएर हिडेको मानिस कुनै पहिलाको कारणले उसको सपना चकानाचुर भएको छ । वर्षौ दुख गरेको रकम पनि हुदैन, परिवार पनि हुदैन, अनि रामकृण ढकालका र नारायण गोपालका गीत सुन्ने वाहेक कुने पनि काम नहुने अवस्थामा परेका मानिसहरु आज धेरै देखिएको हुँदा यसको उजागर गरेको छु । यो सभ्यता र यो अवस्थाले नेपालीको भविश्य सुनिस्चित छैन र विश्वासको बाटो समेत गुम्न थालेको छ । यस्ता कुरामा सरकार पक्ष र हामी जनाता पनि आफै सचेत हुनु पर्ने अवस्था देखेको छु । यसको निराकरण नभएको खण्डमा वेथितीले आक्रान्त पार्दैन भन्न सकिदैन ।

चिसंखुगढी ८, माम्खा ओखलढुङ्गा
हाल काठमाण्डौ

७० औं राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्षमा २०७६ साल फागुन ६, ७ र ८ गते तीन दिन आ-आफ्नो कार्यालय र घरहरुमा दीपावली गरौं ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

हार्दिक शुभकामना

७० औं राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्षमा प्रजातन्त्र प्रेमी नेपाली दाजुभाई, दिदीबहिनीहरुमा प्रजातन्त्रको सच्चा अनुभूती दिलाउन राज्यलाई प्रेरण मिलोस् । हार्दिक शुभकामना

कृष्णप्रसाद सापकोटा
दमेक ट्रेडर्स
गौडाकोट-५, नवलपुर

## अन्तराष्ट्रिय समाचार

### राष्ट्रसंघका महासचिव पाकिस्तान भ्रमणमा

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेस चार दिने भ्रमणका लागि पाकिस्तान आउनु भएको छ । उहाँ आइतबार पाकिस्तानको राजधानी इस्लामावाद आइपुग्नु भएको अधिकारीहरुले जानकारी दिएका छन् । महासचिवमा निर्वाचित भएपछि उहाँको पाकिस्तान भ्रमण पहिलो पटक भएको हो । भ्रमणका क्रममा उहाँले पाकिस्तानका प्रधानमन्त्री इमरान खान र विदेश मन्त्री मोहमद कुरेशीलाई पनि भेट्नु हुनेछ । भेटका क्रममा उहाँहरुका बीचमा मुख्य गरेर जलवायु परिवर्तनको बारेमा छलफल हुने बताइएको छ । उहाँहरुको भेटवार्ता आइतबार नै हुने तालिका छ । राष्ट्रसंघीय प्रमुख गुटेर्रेसले सोमबार अन्तर्राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नु हुनेछ । अफगान शरणार्थीका बारेमा पाकिस्तान सरकार र राष्ट्रसंघीय शरणार्थी उच्चायोगको कार्यालय ( युएनएचसिआर) ले संयुक्त रुपमा आयोजना गरेको ४० औं वार्षिक कार्यक्रमलाई उहाँले सम्बोधन गर्नुहुने भएको हो । सम्मेलनमा पाकिस्तानी राष्ट्रपति अरिफ अल्भी पनि सहभागी हुनु हुनेछ । सम्मेलन दुई दिनसम्म चल्नेछ । महासचिव गुटेर्रेसले स्थानीय विद्यार्थीहरुलाई भेट्ने गरी पाकिस्तानको अर्को ठूलो सहर लाहोरको पनि भ्रमण गर्नुहुने भएको छ । उहाँ यही फेब्रुअरी १९ तारिखमा राष्ट्रसंघीय मुख्यालय न्युयोर्क फर्किनु हुनेछ ।

### नाइजेरियामा तीस जनाको विभत्स हत्या

हतियारधारी समूहको आक्रमणमा परी अफ्रिकी मुलुक नाइजेरियामा ३० जनाको मृत्यु भएको छ । देशको उत्तरपश्चिमी क्षेत्रमा पर्ने ग्रामीण क्षेत्रमा भएको हिंसात्मक घटनामा परी उनीहरुको मृत्यु भएको अधिकारीहरुले जनाएका छन् । प्रहरी अधिकारीहरुले आइतबार दिएको जानकारी अनुसार मोटरसाईकलमा आएका दर्जनौ बन्दुकधारीले गाउँलेहरुलाई अन्धाधुन्ध आक्रमण गरेका थिए । उनीहरुले काट्सीना राज्यमा पर्ने साउवा र डाङकर गाउँमा बस्ने स्थानीय बासिन्दालाई शुक्रबार गोली प्रहार गरेर हत्या गरेको प्रहरीले जनाएको छ । आक्रमणकारीहरुले स्थानीय बासिन्दालाई घर घरमै आक्रमण गर्नुका साथै उनीहरुको घरमा समेत आगजानी गरेका छन् । हतियारधारी आक्रमणकारीहरुले साउवामा २१ जनाको हत्या गरेका छन् भने अरु नौ जनालाई डाङ्कर गाउँमा हत्या गरेका छन्. कात्सिनाका प्रहरी प्रवक्ता गाम्बो इसाहले भन्नुभयो । मृत्यु भएका मध्ये अधिकांश बृद्धबृद्धा र बालबालिका रहेका छन् । आक्रमणकारीहरुले आक्रमण गर्न थालेपछि भाग्न नसकेकाले मृत्यु हुनेमा बृद्धबृद्धा र बालबालिका धेरै भएको अधिकारीहरुले जनाएका छन् । आक्रमणकारीहरुले मानव हत्या र घरहरुमा आगजनी गरेकाले घटना दर्दनाक देखिएको प्रहरीको भनाई छ । स्थानीय एक बासिन्दाले भने, यति दर्दनाक र क्रुर घटना मैले जीवनमा अहिलेसम्म देखेको थिइनँ ।

### कोरोना भाइरस विरुद्ध एकजुट हुन विश्व स्वास्थ्य संगठनको आह्वान

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले विश्वभरी फैलिएको र हजारौको मृत्यु भएको कोरोना भाइरस विरुद्ध एकजुट हुन सबैलाई आह्वान गरेको छ । संगठनका महानिर्देशक टेड्रोस अधानोम घेब्रेयेसुसले शनिबार आयोजित ५६ औं म्युनिख सुरक्षा सम्मेलनमा बोल्ने क्रममा यस्तो आह्वान गर्नुभएको हो । हामी सबै एउटै तरिकाले लाग्नु पर्दछ, नकी एक्ला एक्लै, उहाँले जोड दिएर भन्नुभयो । उहाँले सबै देशहरुले एक अर्कालाई घृणा गर्ने र आलोचना गर्ने कार्य तत्काल बन्द गर्नुमा पनि जोड दिनुभयो । रोगको महामारी विरुद्ध लड्न सबैलाई तयारी अवस्थामा रहन पनि संगठनका प्रमुख टड्रोसले आग्रह गर्नुभयो । उहाँले त्यसका लागि लगानी गर्नु पर्ने बताउनु भयो ।

विश्वमा आतङ्कवाद नियन्त्रणका लागि करोडौं डलर लगानी भइरहेको स्मरण गराउँदै उहाँले यस्ता रोग नियन्त्रणका लागि भने पर्याप्त लगानी र चासो नदिइएको टिप्पणी गर्नुभयो । महामारी रोगहरुलाई नियन्त्रण गर्नका लागि आर्थिक, राजनीतिक र सांस्कृतिक रुपमा सबै जना एकजुट हुनु पर्ने खाँचो रहेको उहाँको भनाई छ । चीनमा फैलिएको कोरोना भाइरसका कारण मृत्यु हुनेको संख्या आइतबारसम्ममा एक हजार ६६५ पुगेको छ । चिनियाँ स्वास्थ्य अधिकारीहरुले दिएको जानकारी अनुसार पछिल्लो एकै दिनमा थप १४२ जनाको मृत्यु भएको हो । उनीहरुले कोरोनाको सङ्क्रमण थप दुई हजार नौ जनामा देखिएको पनि जानकारी दिएका छन् । सङ्क्रमितहरु चीनका ३१ वटा प्रान्तका रहेका छन् । थप मृत्यु भएका मध्ये १३९ जना हुवेइ प्रान्तका रहेका छन् भने सिचुवान प्रान्तका दुई र हुनान प्रान्तका एक जना रहेका छन् । चिनियाँ स्वास्थ्य आयोगका अधिकारीहरुले शनिबार मात्रै थप १९ सय १८ जना नयाँ सङ्क्रमणको आशंका गरिएको छ । सङ्क्रमितमध्ये २१९ जना शनिबार थप गम्भीर विरामी भएका छन् भने १३ सय २३ जना स्वास्थ्यमा सुधार आएपछि घर फर्किएका छन् । कोरोना भाइरसबाट सङ्क्रमित हुनेहरुको कुल संख्या अहिलेसम्म ६५ हजार ५०० पुगेको अधिकारीहरुले जानकारी दिएका छन् । उनीहरुले ११ हजार २७२ जनाको अवस्था सुधार उन्मुख रहेको पनि बताएका छन् । त्यसैगरी ८ हजार २२८ जनामा आशंका गरिएको छ । सङ्क्रमित भएर उपचार गराइएका मध्ये अहिलेसम्म ९४ हजार १९ जना उपचारपछि घर फर्किएका छन् । आयोगले ५ लाख २९ हजार ४ सय १८ विरामी नियमित सम्पर्कमा रहेको जनाएको छ । यो भाइरसको सङ्क्रमण सन् २०१९ को डिसेम्बरमा चीनको उहानबाट देखिन थालेको हो भने यसको पहिचान पहिलो पटक डिसेम्बर ३१ मा भएको थियो ।

### बग्दादको अमेरिकी राजदूतावास नजिक क्षेप्यास्त्र प्रहार

इराकको राजधानी बग्दादमा अमेरिकी राजदूतावास नजिक आइतबार क्षेप्यास्त्र प्रहार भएको छ । स्थानीय संचार माध्यमले उक्त क्षेप्यास्त्रबाट कुनै क्षति भए नभएको जानकारी प्राप्त भइनसकेको बताएका छन् । उच्च सुरक्षा व्यवस्था सहितको धेरैजसो कुटनीतिक नियोगका कार्यालयहरु रहेको ग्रिन जोनूमा क्षेप्यास्त्र प्रहार लगत्तै चेतावनीयुक्त साइरन बजाइएको थियो । स्थानीयको भनाई उद्धृत गर्दै संचार माध्यमहरुले क्षेप्यास्त्र प्रहारका कारण धुँवाको मुस्लो आकाशमा देखिएको उल्लेख गरेका छन् । बिहीबार पनि के१ सैनिक अखडालाई लक्षित गरी काट्युसा क्षेप्यास्त्र प्रहार भएको थियो । किर्कुक प्रान्तमा रहेको यस सैनिक अखडामा अमेरिकी सेना रहेका छन् । तर यसबाट कुनै क्षति नभएको बताइएको छ । गत डिसेम्बर २०१९ मा के१ सैनिक अखडामा भएको अर्को क्षेप्यास्त्र आक्रमणमा अमेरिकी सैनिकका लागि काम गर्ने एक व्यक्तिको मृत्यु हुनुका साथै अर्का एक जना घाइते भएका थिए । इराकका विभिन्न स्थानमा रहेका अमेरिकी सैनिक अखडा र ग्रिन जोनमा विद्रोही पक्षले बेलाबखत मोर्टार र क्षेप्यास्त्र प्रहार गर्ने गरेका छन् ।

छन्द- शार्दुलविक्रीडित

# म नेपाली नेता

शम्भु गजुरेल
नुवाकोट

केही काम भएन आज घरमा एक्लै बसेको छु म
कोही साथ भएन आज दलमा छुट्टै बसेको छु म
बोलीमा अब छैन जोश अघिको भुत्रे भएको छु म
कोही त्रस्त हुदैन आज सबले हेप्ने भएको छु म ॥१॥

डिग्री साथ थियो घुमेर जगमा बाँडैं अनेकौं कला
भाला काँध भिरेर घोर रणमा काटैं अनेकौं गला
चन्दाको सजिलो थियो चलन त्यो बर्षा भयो नोटको
त्रासै त्रास छरेर गाउँ घरमा बर्षा भयो भोटको ॥२॥

मातैं मोज गरैं बसैं छल छरैं कुर्सी भएको पल
स्वामीको गुणगानमा मन गयो कुर्सी चढेको पल
लाग्यो वाँण जसै अपार मतले कुर्सी फुकाले जब
गल्लीको डुलुवा भएर जगमा डुल्दै छु छुप्दै अब ॥३॥

कैले जान्छु गया बिहार पटना दिल्ली सधैं धाउँछु
केही थान दया लिएर गुरुको गाथा सधैं गाउँछु
कासीका जलले भिजाउछु जटा रोटी उतै पाउँछु
आज्ञा मालिकको शिरोपर सदा आत्मा उतै लाउँछु ॥४॥

मेरो जन्म यहाँ भयो नियतिले माया छ दिल्ली तिर
यो नेपाल सधैं अशान्त रहँदा लाग्दैन केही डर
बेचौं लाख नदी कठोर म बनूं रोक्दैन कोही यहाँ
हल्लाको भरमा कुनैदिन छिटो मिल्नेछ कुर्सी जहाँ ॥५॥

कोशीको जलमा हिमाल बहदा सुस्ता हरायो गयो
काली गण्डकमा भुलेर रहदा नेपाल जल्दै रह्यो
कुर्सी एक भएर हो मनुजको उस्तै छ चाला यहाँ
सिङ्गै बेच्न भयो कठोर जननी काटिन्छ किता यहाँ ॥६॥

कविता

## छिमेकी को स्वभाव



देश हाम्रो बचाउन मरीमेट्छौं हामी,
खुकुरी र खुँडा तर्वार चलाउन नामी ।
छिमेकी भै छिमेकीको स्वभावमा बस्नु,
नाग जस्तो अरूलाई किन पर्‍यो डस्नु ।

गोर्खालीको वीरगाथा सबै थाहाहोला ,
धेरै जोरी नखोज है व्यर्थै ज्यान जाला ।
पशुपतीनाथ आई भक्ति भाव गर्छौ,
ज्ञानी ध्यानी विरालो झैं मुसा मार्न बस्छौ ।

कस्तो तिम्रो भक्ति भाव कस्तो तिम्रो ज्ञान ,
ढोंगी भई कति बस्छौ कता गयो मन ।
अभिनय गर्छौ तिमी जग्गा मिचाई गर्दा,
यस्तै चाला हुँदै गए अचानोमा पर्ला ।

काला पानी हाम्रा नै हो धेरै बाठो नहोउ,
मुर्कट्टा झैं बस्नु पर्ला हाम्रो जग्गा नछोउ ।
समय मै विवेकी भै फर्काउ सैन्य वल,
पछुतोमा पर्नु पर्ला आँशु भल भल ।

सगरमाथा उच्च शिखर नेपालको शिर ,
गोर्खाली हौं हामीहरू झुक्दैन यो शिर ।
मानिसबाट गल्ति हुन्छ फेरी गर्नु हुन्न ,
अरिंगालको गोलोलाई चलाउनु हुन्न ।

# कालापानी हाम्रो बरदानी, वन्न गयो वैरिको निसानी

गीत



"मित्र भयो घाती"
"कालापानी र लीपु लेक को वारेमा"
बडा पत्र छ यौटा, यौटा, यस्तै हो सन्धि र समझौता !
नुन दिन्छौ सुन लीन्छौ मोती फलाउछौ !
मौका छोपी कुटनिति सन्धि गराउछौ !
पटक, पटक सिमा मिचि सिक्किम लगेउ पैले !
काला पानी, लिपु लेक लान खोज्छौ अैले !
अति क्रमण भै सक्यो देश, गर्छन भाषण निकास कि विकाश !
सम्बिधान हाम्रो वन्छ टाउको दुखाउछौं !
भोली पास हुन्छ भन्दा दुत खटाउछौ !
सम्झौतामा जे जति छ सवै वन्द गरी !
अघोषित नाका वन्दि गरेउ मन परी !
कस्तो राम्रा् छिमेकी मित्र, बल्ल तिम्रो देख्दै छौ चरित्र !
भेल आउदा कोशि ढोका सबै वन्द गर्ने !
वर्षादमा वन्द गर्ने हिउदमा ! खोल्ने !
सिमानामा खटाउछौ सेना, पुलीस जो नि !
भन्छन मोदी मैले हैन नेपालले होनि !
दश जगामा काँडे तार लाउनी मौका छोपी सिमाना बडौनि !
बोडर जति सबै कब्जा तिम्रै सेना वाट !
हितकारी साथी भन्छौ गर्छौ यस्तै घात !
महाकाली सन्धि गरेउ थपेउ फेरी गण्डक !
सक्छौ भने मर्जे गर नराखी देउ बन्धक !
सन्धि यौटा सम्झौता अर्कै छ, भन्छन मोदी अझै नि मर्कै छ !
महेन्द्र कालमा कालापानी कुरा !
उठेको हो त्यै वेलामा भाको छैन पुरा !
अग्नी परिक्षाका कुरा गर्छन के.पि. यता !
अतिक्रमण हुन थाल्यो काला पानी उता !
अतिक्रमण भैसक्यो देश के.पि. तिम्ले के दिन्छौ सन्देश !
जस्को विश्वास गरी बस्यौ त्यै मित्र भो घाती !
जङ्गे खम्वा सिमानाका झिक्ने राती, राती !
साना माछा लाइ खान्छ ठूलाले नै हेर !
त्यस्तै हालत नेपालको भा छ यति खेर !
दुइ ढुङ्गाको तरुल झै पारे, सृष्टि गर्दा प्रभुले विगारे !
सार्क संघ, राष्ट्र संघ कैले के को सन्धि !
के हेर्‍याछौ राष्ट्र संघ नेपाल भयो वन्दि !
देखा वटी संघ संस्था नखोले भो रङ्गको !
दु:ख पर्दा सहयोग छैन के भो त्यस्ता संघको !
राष्ट्र संघलाइ यै सन्देश चिनु, खवरदारी भारत लाइ भन्दिनु !
कालापानी, लिपुलेक सधै खिचातानी !
वन्न गयो हाम्रो देश वैरीको निसानी !
प्रधान मन्त्री के.पि.लाइ मेरो सन्देश दिनु !
सिमा, सिक्किम, काला पानी सवै फिर्ता लिनु
काला पानी हाम्रो वरदानी, वन्न गयो बैरीको निसानी !
हेर्‍याछौ सत्ताका नेता, नापी नक्सा लिएर जाउ त्यता !३!

हृदय अधिकारी
हाल – कपुरधारा काठमाडौं

# कदर गर्नु पर्छ



बाउले दुख गरि कमाइ खुवाए त्यो नुनको कदर गर्नु पर्छ
खाइ नखाइ हुर्काइन आमाले त्यो खुनको कदर गर्नु पर्छ

सधै समय आफ्नो पक्षमा हुदैन,खुशिमा मातिदै दु:खमा
आतिनु हुँदैन,घाम मात्र होइन त्यो जुनको कदर गर्नु पर्छ

जाडो आयो भन्दैमा आतिएर विवाह गर्नु पर्छ भन्य होइन
जाडो त त्यो सिरकले नि जान्छ त्यसैले उनको कदर गर्नु पर्छ

बाउ आमा गरिब भनी हेला गर्ने छोरा छोरिले पढ्ने बेला
आमाले रुदै बेचेको कानको त्यो सुनको कदर गर्नु पर्छ ॥

**- सागर बोहरा 'अंकल', रामेछाप**

गजल



**पुष्पा धमला (स्वप्निल)**
**ओखल्ढुगां**

यो देशको कानुन कस्तो दैवले नै जानुन
हत्या हिंसा अत्याचार जे जे हुन्छ मानुन् भन्छन् ।

निर्दोषी जेलमा जाकी दोषी खुलेआम हिँड्दा,
पीडितले न्याय पाउने छैन देशमा कानुन् भन्छन् ।

कस्तो शासन आयो हजूर इमान्दार भै बाँच्न गाह्रो,
अन्यायमा छट्पटिँदै आफ्नो जीवन धानुन् भन्छन् ।

आईए, बि.ए, डिग्री अनि पिएचडी यहाँ गरे पनि,
पाईदैन रोजगारी आफन्तलाई तानुन् भन्छन् ।

घिनै लाग्ने राजनीति भो हेर्नुस् हजूर यो देशमा,
पैसावाला भ्रष्टाचार गर्ने नेतृत्व छानुन् भन्छन् ।

हार्दिक शुभकामना

७० औं राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्षमा प्रजातन्त्र प्रेमी नेपाली दाजुभाई, दिदीबहिनीहरुमा प्रजातन्त्रको सच्चा अनुभूती दिलाउन राज्यलाई प्रेरण मिलोस् । हार्दिक शुभकामना

प्रो. बुद्धि बहादुर आले
एलिना होटल
जुगेडी, चितवन

आयुर्वेदिक उपचारको पहिलो रोजाइ
विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

*हाम्रा सेवाहरु*

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ


विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.
लाइन्स चोक, नारायणगढ, चितवन
सम्पर्क पैशा नलाग्ने टोल फ्रि नं. १६६०५६५८०००
फोन न. ०५६ : ५७०४६८
फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।

## मोवाईल सिमप्रयोग सम्वन्धमा नेपाल दूरसञ्चार प्राधिकरणको

# अत्यन्त जरूरी सूचना


नेपाल सरकारले विद्युतिय प्रविधिमार्फत जनतालाई सरकारी सेवा प्रवाह गर्ने उद्देश्यले नागरीक एप्स (Citizen Apps) तयार गरी लागु गर्न गई रहेको छ । उपभोक्ताहरूले प्रयोग गर्ने मोवाईल नम्बरलाई नागरीकको पहिचानको माध्यम बनाउदा सहज र सरल समेत हुने भएकोले उपभोक्ताको मोवाईल नम्बर नै सरकारी नागरीक एप्स (Citizen Apps) संग लिंक गराउने उद्देश्य रहेको छ । यसको लागि सम्पुर्ण उपभोक्ताहरूले आफ्नो नाममा दर्ता भएको सिम मात्र प्रयोग गर्ने र यदी अन्य कसैको नामको सिम प्रयोग गर्नु भएको भए आफ्नो नाममा रजिष्ट्रेशन गरेर मात्र प्रयोग गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

**नेपाल दूरसञ्चार प्राधिकरण**
श्रीकुञ्ज, कमलादी, काठमाडौं
फ्याक्स ९७७-१-४२५५२५०
इमेल : ntra@nta.gov.np
info@nta.gov.np














जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस